ABHIYAN WEEKLY-2040
राष्ट्र, राष्ट्रिय र राष्ट्रिय अखण्डताको लागि
अभियान साप्ताहिक-२०४० काठमाडौं

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Devendrachudal@gmail.com

वर्ष : ४२ / अंक : ६ / २०८१ भदौ १४ गते शुक्रबार / नेपाल सम्वत ११४४ / Aug. 30, 2024 / मूल्य रू. १०/-

## सत्तामा पुग्न दाहालका अनेक नौटंकी

काठमाडौं । पछिल्लो समयमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले ठाउँ अनुसार भाषण गरेर जनतालाई रिझाउने प्रयास गरिरहेका भएपनि उनका त्यस्ता भाषणलाई जनताले उडन्ते गफको संज्ञा दिन थालेका छन् । दाहाललाई जनताले मात्र होइन उनैको पार्टीको नेता र कार्यकर्ताहरूले समेत विश्वास गर्न छाडेका छन् भने प्रमाण त पार्टीको बैठकमा नेता र कार्यकर्ताहरूले उठाउका प्रश्नले नै प्रष्ट पारिसकेको छ ।

आफ्नो पार्टीभित्रको चुनौती सामना गर्न दाहालले दुई वटा अस्त्र प्रयोग गरेका छन् । पहिलो हो कम्युनिष्ट एकता र मोर्चाबन्दीको कुरा । दाहाल आफूलाई राजनीतिक रूपमा जुन बेला असुरक्षित ठान्छन् अनि त्यसबेला उनी कम्युनिष्ट एकताको कुरा गर्दछन् । विगतमा पनि उनले कांग्रेससँगको गठबन्धन हुँदा पनि कांग्रेसलाई साइजमा राख्न उनले समाजवादी मोर्चाको कुरा उठाएका थिए ।

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

# सत्ता गुम्दाको पीडा दाहालले पोखे संसदमा

## श्रीलंका र बंगलादेशजस्तो भए पहिलो तारो दाहाल नै !



काठमाडौं । गत मंगलबार पूर्व प्रधानमन्त्री एवं माओवादीका अध्यक्ष समेत रहेका संघीय संसदको प्रमुख विपक्षी दलका नेता पुष्पकमल दाहालले संघीय संसदमा लामो भाषण गरे । लिखित रूपमा १२ पेज लामो भाषण गर्दै उनले सत्ता गुम्दाको पिडा र कुण्ठा राम्ररी नै पाखेका थिए ।

कांग्रेस-नेकपा एमालेलाई पटक पटक धोका दिँदै आफ्नो स्वार्थ पूरा गर्दै आएका दाहालले पटक पटक नेकपा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी ओलीमाथि संसदीय भाषा विपरितका शब्दहरू बोलेर ओलीमाथि प्रहार गरेका थिए । आफूले पहिलो पटक ओलीलाई प्रधानमन्त्री बनाएको तर तिनै ओलीले आफूँलाई पटक पटक धोका दिएको भन्दै त्यसको बदला लिई छोड्ने अभिव्यक्ति समेत दिन उनी पछि परेका थिएनन् ।

ललिता निवास जग्गा काण्डमा माधव नेपाल र बाबुराम भट्टराईलाई बचाउने दाहाल नै होइनन् र ? संसदीय परम्परा अनुसार सरकार बनेको १ सय दिनसम्मको पिरिडयलाई हनिमुन पिरियड भनिने प्रचलन रहेको र सो समयमा सरकारको आलोचना नगर्ने विश्वव्यापी, सिद्धान्त रहेको भएपनि सत्ता गुम्दाको पिडा खप्न नसकेर दाहालले सरकार बनेको ४४ दिनमै सरकारको तिव्र आलोचना गरेका थिए । प्रधानमन्त्री ओलीप्रति रूष्ट शब्दहरू प्रहार गरेका दाहालले कांग्रेसका सभापति प्रति भने कुनै गाली गलौज गरेनन् । कांग्रेस-एमालेबीचको सहमति तोडेर फेरी सत्ता हातमा लिन सकिन्छ भन्ने मनसायले गर्दा पछिल्लो समयमा उनी कांग्रेस सभापति देउवाप्रति नरम व्यवहार देखाउँदै आएका छन् ।

प्रमुख प्रतिपक्षी दलका नेता एवं पूर्व प्रधानमन्त्री समेत भईसकेका व्यक्तिले संसदमा दिएका कतिपय अभिव्यक्तिहरू आपत्तिजनक रहेका छन् । संविधानले नै प्रमुख प्रतिपक्षी दल भनेर सरकारमा गएका बाहेकको ठुलो दललाई प्रमुख प्रतिपक्षी दल भनेको छ । प्रमुख प्रतिपक्षी दललाई प्रमुख प्रतिपक्षी दलको नेताको रूपमा विपक्षी दलको नेता दिएको होइन, माओवादी केन्द्रलाई दिएको हो । संसदमा बोल्दै दाहालले आफूलाई प्रतिपक्षी दलको नेता चाहिएको छैन भन्ने अभिव्यक्ति दिनु भनेको संविधानको उल्लंघन हो ।

संविधानले नै प्रमुख प्रतिपक्षी दलको व्यवस्था गरेको छ । यदि दाहाललाई त्यो पद चाहिएको छैन भने उनले आफनो पार्टीकै अरू नेतालाई संसदीय दलको नेता दिए भैहाल्थ्यो नि ? आफ्ना विरोधीहरूलाई आफ्नो पार्टीबाट निस्काष्सन गर्दै झण्डै ४० वर्षसम्म पार्टीको नेतृत्व गरेका दाहालको एकमात्र स्वार्थ भनेको सत्ता स्वार्थ नै हो । २०६३/६४ पछिको निर्वाचनमा माओवादी केन्द्रले प्रत्यक्षतर्फको २ सय ४० सिट मध्ये १ सय २० सिट विजय हाँसिल गरेको थियो । त्यसपछि दाहालकै कारण माओवादी केन्द्र विभाजित हुँदै गयो । अहिले दाहालले आफ्नो स्वार्थ पूरा गर्न कहिले समाजवादी

>>> बाँकी ८ पेजमा

## देउवालाई ढोक्सामा पार्न ओलीलाई गाली

काठमाडौं । सत्ताबाट बाहिरिन बाध्य भएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल यतिबेला पानी बेगरको माछाजस्ता भएका छन् । पार्टीभित्रै पनि उनीमाथि दवाव बढ्दै गएकाले आफ्नै पार्टीका नेता र कार्यकर्ताहरूलाई भूल भुलैयामा राख्न उनले अनेक प्रकारका झुठा आश्वासनहरू बाँड्दै आएका छन् । दाहाल अहिले आफ्नै चरित्र र अस्थिर राजनीतिका कारण कठिन मोडमा उभिन पुगेका छन् ।

नेपाली कांग्रेस र नेकपा एमाले एक ठाउँमा उभिएपछि सँगै हिडेका यात्रीहरूले आफूलाई बीच बाटोमै छोडेर हिडेको र आफूलाई विचल्ली पारेको यात्रु जस्तै अवस्थामा दाहाल पुगेका छन् । यस्तो अवस्थामा पुग्नु भनेको दाहालको अस्थिर चरित्र र आफूँ बाहेक अरूलाई नगन्ने प्रवृत्ति नै हो । कहिले कांग्रेस र कहिले नेकपा एमालेलाई

>>> बाँकी ६ पेजमा

## दाहालमा देखियो सत्ता गुम्दाको पीडा

काठमाडौं । नेपाली कांग्रेस र नेकपा एमालेबीचमा गत असार १७ गते भएको ७ बुँदे सहमति अनुसार एमाले अध्यक्ष समेत रहेका केपी ओली प्रधानमन्त्री बनेका छन् भने उनको नेतृतवमा कांग्रेस-एमाले सहितको संयुक्त सरकार सञ्चालन भएको छ ।

पछिल्लो समयमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको तारो प्रधानमन्त्री ओली बन्दै आएका छन् । दाहाललाई सत्ता गुमाउनु परेको पिडाले गर्दा खपी नसक्नु भएको छ । कहिले कांग्रेस त कहिले एमालेको सहयोगमा १८ महिनासम्म प्रधानमन्त्री रहेका दाहालले कांग्रेस एमाले दुवैको विश्वास गुमाएकै कारण उनी सत्ता बाहिर रहन बाध्य भएका छन् ।

२०७९ मंसिर ४ गते सम्पन्न भएको संघीय संसद र प्रदेशको निर्वाचनमा माओवादी केन्द्रले नेपाली कांग्रेस, एकीकृत समाजवादी, जसपा नेपाल लगायतका

>>> बाँकी ८ पेजमा

## कस्तो छ विभिन्न देशमा थ्रेस होल्डको व्यवस्था

काठमाडौं । नेपालमा बहुदलीय प्रणाली लागु भएको छ । यो व्यवस्थामा संसदमा बहुमत ल्याउनेले सरकार सञ्चालन गर्दछ भने प्रतिपक्षले संसदमा सशक्त भूमिका निर्वाह गर्दछ तर हामीकहाँ केही वर्षदेखि त्यस्तो अवस्था देखिएको छैन । दुई ठुला दल कांग्रेस-एमालेले संससदको तेस्रो ठुलो दल माओवादी केन्द्रका अध्यक्षलाई आलोपालो प्रधानमन्त्री बनाएर बहुदलीय व्यवस्थाकै खिल्ली मात्र उडाएका छैनन् संसदलाई आफ्नो स्वार्थ पूरा गर्ने माध्यम समेत बनाएका छन् ।

संविधान संशोधन गरेर दुई दलीय प्रणाली स्थापित हुन सक्दैन । पार्टी निर्माणको आधार संविधान र कानुन होइन जनता हुन् । त्यसैले दुई दलीय निर्दलीय हो कि बहुदलीय भन्ने सविधन वा कानुनले होइन जनताले फैसला गर्ने हुन् । जसले जनताको विश्वास जित्न सक्छ त्यो स्थापित हुन्छ । पार्टीको उत्थान र पतन पनि जनताकै मतबाट हुने हो ।

जनताको विश्वास जित्न सकेको खण्डमा दुई दलीय व्यवथा लागु हुन सक्छ । जस्तै अमेरिका र बेलायतमा त्यस्तै भएको छ । ती देश अमेरिका र बेलायतमा संविधान र कानुनले होइन जनताको मतबाट त्यस्तो भएको हो । संघीयता तथा समानुपातिक प्रणाली भएका देशमा दुई दलीय व्यवस्था सम्भावना न्यून रहेको छ ।

>>> बाँकी ८ पेजमा

## कांग्रेस-एमालेले होइन दाहालले नै धोका दिँदै आएका हुन्

काठमाडौं । २०७९ मंसिर ४ मा सम्पन्न भएको संघीय संसद र प्रदेशसभाका निर्वाचनमा नेपाली कांग्रेससँग गठबन्धन गरेर निर्वाचनमा जाँदा प्रत्यक्षतर्फ जम्मा १८ सिटमा मात्र जित हाँसिल गरेको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई कांग्रेसले प्रधानमन्त्री नबनाउने भएपछि उनी प्रधानमन्त्री बन्नैका लागि एमालेको शरणमा पुगेर प्रधानमन्त्री बनेका थिए ।




त्यसबेला उनले गठबन्धन गरेसँगै निर्वाचन लडेको कांग्रेसलाई धोका दिएका थिए । अहिले आएर दाहालले आफ्नो पार्टीका हरेक बैठक र कार्यक्रमहरूमा आफूलाई एमाले अध्यक्ष केपी ओलीले धोका दिएको बताउँदै आएका छन् । तर वास्तविकता त्यस्तो देखिँदैन दाहालले नै पटक पटक कांग्रेस-एमालेलाई धोका दिँदै आएका हुनाले बाध्य भएर कांग्रेस-एमालेले गत असार १७ गते ७ बुँदे सहमति गरेका हुन् ।

२०७९ पुस ४ गते पुष्पकमल दाहाल नेकपा एमालेको सहयोगमा प्रधानमन्त्री बनेका थिए । तर उनले सरकारको नेतृत्व गरेको दुई महिना नपुग्दै फेरी कांग्रेसको शरणमा पुगेर कांग्रेससँग सत्ता गठबन्धन गर्ने निर्णय

>>> बाँकी ८ पेजमा

# संसदीय सुनुवाई समिति फेरि कठघरामा

काठमाडौं । पछिल्लो समयमा राजनीतिक दलका नेताहरू प्रति जनतामा एक प्रकारको आक्रोश देखिएको छ ।त्यसको प्रत्यक्ष प्रमाण हो भाद्र १० गते गौरा पर्वका दिन प्रधानमन्त्री केपी ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाप्रति सर्वसाधारण जनताले टुडिखेलमा आयोजित कार्यक्रममा मुर्दावादको नारा लगाउनु । जनता पिडै पिडामा रहेका बेला राजनीतिक दलहरू सत्ता स्वार्थमा तल्लिन हुन र आफैँले बनाएको संविधान विरूद्धका कार्यमा लाग्नु । संविधानले व्यवस्था गरेअनुसार सरकारले काम गर्न नसक्नु र दलगत स्वार्थमा सरकार सञ्चालन गर्नको परिणाम हो । नेताहरू विरूद्ध मुर्दावादको नारा लाग्नु ।





हालै सरकारले १७ देशका लागि नयाँ राजदूतको सिफारिस गरेको छ । सरकारले राजदूतका लागि सिफारिस गरेका केही व्यक्तिहरू राजदूत हुन असक्षम रहेका भएपनि उनीहरूको नाम संसदीय सुनुवाई समितिमा पठाएको छ ।

संसदीय सुनुवाई समितिले उनीहरूका विरूद्ध सर्वसाधारणसँग उजुरी समेत मागेको छ । संसदीय सुनुवाई समितिलाई कर्मकाण्डी पुऱ्याउने समितिका रूपमा हेरिएको छ । सरकारले सिफारिस गरेका एक दुई बाहेक सबैलाई संसदीय सुनुवाई समितिले अनुमोदन गर्दे आएको भएपनि यस पटक राजदूतमा सिफारिस गर्दा संविधानको समेत उल्लंघन

>>> बाँकी ८ पेजमा

## महिला भलिबल खेलाडीलाई जनही ३ लाख पुरस्कार

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले 'काभा वुमन्स भलिबल नेसन्स् लिग, २०२४' प्रतियोगितामा सहभागी खेलाडीलाई पुरस्कार वितरण गरेका छन् । प्रधानमन्त्री निवास, बालुवाटारमा हालै आयोजित कार्यक्रममा टोलीका कप्तान अरूणा शाहीसहित १४ खेलाडीलाई जनही तीन लाख, मुख्य प्रशिक्षक जगदीशप्रसाद भट्टलाई दुई लाख, सहायक प्रशिक्षक भरत यादव, व्यवस्थापक निलमसिंह बज्राचार्यलाई र फिजियो लोकेन्द्र कुँवरलाई जनही एक लाख २० हजार राशिसहित पुरस्कार प्रदान गरिएको हो ।

गत साउन १७ देखि २३ गतेसम्म काठमाडौंमा भएको उक्त खेलमा नेपालले उत्कृष्ट प्रदर्शनसहित दोस्रो स्थान हासिल

>>> बाँकी ८ पेजमा

# लोकतन्त्रको मुखौटा

अनुराग आर्य

भारतले गैरकानुनी रूपमा कब्जा गरेको कश्मीरलाई राज्यको दर्जाबाट जम्मू-कश्मीर र लद्दाखको केन्द्र शासित प्रदेशमा रूपान्तरण गरेपछि, आईओकेले १० वर्षपछि आम चुनावबाट गुज्रिरहेको छ । सेप्टेम्बर १८, सेप्टेम्बर २५, र अक्टोबर १-तीन चरणहरूमा मतदान हुनेछ । भारतको निर्वाचन आयोगले घोषणा गरे अनुसार मतगणना अक्टोबर ४ मा हुनेछ ।

भारतीय सञ्चारमाध्यमले यसलाई लोकतन्त्रको सफलता र केन्द्र सरकारप्रति स्थानीय जनताको विश्वासको विकाससँगै जोडिएको क्षेत्रमा सामान्य अवस्थाको पुनरुत्थानको रूपमा चित्रण गरिरहँदा यस क्षेत्रको राजनीतिक इतिहासलाई बिर्सनु हुँदैन । उदाहरणका लागि, पछिल्लो चुनाव २०१४ मा भएको थियो जब मोदीको भाजपाले महबुबा मुफ्तीको पीपुल्स डेमोक्रेटिक पार्टीसँग गठबन्धन सरकार गठन गऱ्यो । यद्यपि, निष्ठा लामो समय टिक्न सकेन र बीजेपीले २०१८ मा बाहिर निकाल्यो । त्यही वर्ष, क्षेत्रका तत्कालीन राज्यपाल सत्यपाल मलिकले विधानसभाहरू भंग गरे ।

२०१९ मा, संविधानको धारा ३५६अन्तर्गत राष्ट्रपति शासन लगाइएको थियो । यसपछि ३७० र ३५ए को खारेज गरियो, राज्यको क्षेत्रलाई अस्वीकार गर्दै । अहिलेसम्म मोदी सरकारले यस क्षेत्रमा सुरक्षा चिन्ताको बहानामा चुनाव स्थगित गरेको थियो । यसले एउटा अचम्म मान्छः यदि क्षेत्रको विशेष स्वायत्त हैसियत खारेज गर्नु भनेको यस क्षेत्रमा सामान्यता ल्याउने हो भने, सुरक्षा चिन्ताका कारण १० वर्षदेखि राजनीतिक प्रक्रियाहरू किन अवरोध गरियो? सर्वोच्च अदालतले यही भदौ ३० गतेभित्र प्रक्रिया पूरा गर्न सरकारलाई बाध्य पारेको फैसलाले अहिले निर्वाचन गराउने निर्णय गरेको हो ।

यो पर्याप्त नभएपछि जम्मू-कश्मीरका निर्वाचन क्षेत्रहरूको पुनः चित्रण गर्न सीमाङ्कन आयोग गठन गरियो । २०२२ को प्रतिवेदनले हिन्दू बहुल जम्मुलाई छवटा थप सिट दिएको छ, र मुस्लिम बहुल कश्मीरलाई ९० सिट रहेको व्यवस्थापिकामा एउटा सिट दिएको छ ।

फलस्वरूप जम्मुको प्रतिनिधित्व बढेर ४३ प्रतिशत पुगेको छ भने कश्मीरको प्रतिनिधित्व ४७ प्रतिशत रहेको छ । तर, २०११ को जनगणना अनुसार कश्मीर उपत्यकाको जनसंख्या ७० लाख र जम्मुको ५३ मिलियन थियो । यो जानाजानी मुस्लिमहरूलाई उनीहरूको राजनीतिक अधिकारबाट वञ्चित गर्नको लागि गरिएको थियो जुन यस क्षेत्रमा हिन्दुत्व विचारधारा फैलाउन एकमात्र बाधाको रूपमा काम गर्दछ । जम्मु र कश्मीरको केन्द्र शासित प्रदेशको पहिलो लेफ्टिनेन्ट गभर्नरको रूपमा आईएएस अधिकारी गिरीश चन्द्र मुर्मुको नियुक्ति पनि राजनीतिक उद्देश्यले प्रेरित थियो । उदाहरणका लागि, मोदी व्यक्तिगत रूपमा उपत्यकाको अवस्थाको निगरानी गर्न चाहन्थे, उहाँले आफ्नो एक विश्वासपात्रलाई क्षेत्रको प्रशासनिक प्रमुखको रूपमा नियुक्त गर्नुभयो ।

यसले भारतमा भर्खरै सम्पन्न निर्वाचनको नतिजालाई ध्यानमा राख्छ जब सत्तारूढ बीजेपी पार्टीले कश्मीरलै भारतलाई स्वीकार गरेको संकेतको रूपमा उपत्यकामा मतदाताको उपस्थितिलाई मनाउँदै थियो । यद्यपि, उपत्यकाका धेरै संसदीय जिल्लाहरूले बीजेपीका प्रोक्सीहरूको विरूद्धमा मतदान गरे; र स्थानीय दलहरूलाई बीजेपीको नीतिहरूको आलोचना भएको थियो ।

आफ्नो उद्देश्य हासिल गर्नका लागि कानुनी विकल्पको सहारा लिनु क्षेत्रका



जनताको स्वागतयोग्य कदम हो तर माथि उल्लेखित विगतका घटनाहरूले राज्यसत्ताको पुनःस्थापना नभएसम्म निर्वाचन गराउने प्रयास उपहासभन्दा कम छैन भन्ने प्रष्ट हुन्छ । थप रूपमा, यो बाहेक, कश्मीरको विधान सभा केवल 'दाँतविहीन बाघ' हो । उदाहरणका लागि, सबै विधायी शक्तिहरू भारतीय संसदमा निहित हुन्छन् जबकि सबै नीति निर्माण पूँजीद्वारा गरिन्छ । कश्मीरको विधान सभालाई शिक्षा र संस्कृति जस्ता न्यूनतम विषयहरूमा अधिकार भएको छ ।

यसबाहेक, यी चुनावहरू क्षेत्रका स्थानीय जनताको आकांक्षाको सन्दर्भमा "दोधारे तरवार" जस्तो देखिन्छ । उदाहरणका लागि, कश्मीरका धेरैले यसलाई आफ्नो राज्यको पुनर्स्थापना गर्न भारतमाथि विजय हासिल गर्ने लडाइँ ठान्छन् । हिरासतमा राखिएका मुख्यमन्त्री ओमेर अब्दुल्लाले भने, 'नयाँ निर्वाचित विधानसभाको प्राथमिक कार्य भारत र विश्वलाई देखाउनु पर्छ कि जम्मू कश्मीरका जनताले अगस्ट ५ मा गरेका निर्णयहरू अस्वीकार गर्छन्।'

यद्यपि, केहीले चुनावको विरोध गरे किनभने उनीहरूले विश्वास गरे कि यसले यस क्षेत्रलाई भारत सरकारको क्रूर षड्यन्त्रमा फस्नेछ । यो क्षेत्रमा भारतीय सेना विरुद्ध बढ्दो आतंकवादी हमलाहरू द्वारा पनि प्रदर्शन गरिएको छ । फलस्वरूप भारतीय सेनाका धेरै सैनिक मारिए । भारतले पाकिस्तानलाई भूभागमा आतंकवादी समूहहरूलाई आर्थिक सहयोग गर्ने बलिको बोकाको रूपमा चित्रण गर्दा, यो भारतको लामो, क्रूर कब्जा, असन्तुष्ट असहमति र आत्मनिर्णयको मागलाई शान्त पार्ने परिणाम हो भनेर कसैले बिर्सनु हुँदैन ।

फलस्वरूप जनताले आफ्नो नागरिक, राजनीतिक र धार्मिक अधिकारका लागि लडिरहेका र दशकौंदेखि अन्धकारको चपेटामा भुण्डिएको क्षेत्रमा निर्वाचनले खाडललाई टुङ्गोमा पुऱ्याउने अपेक्षा गर्नु आफैंलाई धोका दिनु हो । यो भारत सरकार द्वारा केही कानूनहरू जस्तै, देशद्रोह कानून (भारतीय दण्ड संहिताको धारा १२४ए) को परिचयले अभिव्यक्तिको स्वतन्त्रता, सशस्त्र बल विशेष अधिकार ऐन, र सार्वजनिक सुरक्षा ऐनलाई हनन गर्दछ ।) जुन अधीनताको औजारको रूपमा प्रयोग भइरहेको छ। यसका अतिरिक्त, सामूहिक हत्यालाई वैधानिकता दिन ऐनद्वारा खटाइएको हजारौं सेनाको उपस्थिति र सार्वजनिक स्थानहरूमा छापा मारेर मानवअधिकार कार्यकर्ताहरूलाई थुनामा राख्ने घटनाले विनाश र निराशाको व्यापक भावनालाई थपेको छ ।

यसले देखाउँछ कि जबसम्म क्षेत्रका जनताले आफ्नो भविष्य आफैं निर्णय गर्ने राजनीतिक अधिकार प्राप्त गर्दैनन् तबसम्म सुशासन हुन सक्दैन । यस क्षेत्रको सन् २०१९ पूर्वको विशेष दर्जा पुनःस्थापना गर्ने माग पूरा गर्नमा अझै पनि यस क्षेत्रको शान्ति र स्थायित्वको अपेक्षा गरिएको छ । यसबाहेक, मानिसहरूलाई त्यहाँ शासनका मामिलामा संलग्न हुन अनुमति दिन यो असैन्यीकरणद्वारा पछ्याउनुपर्दछ ।

# कब्जा गरिएको उपत्यकाका मानिसहरू

भरत शर्मा

भारतीय सेना अवैध रूपमा भारत-नियन्त्रित जम्मू कश्मीर मा मुस्लिमहरूको नरसंहारमा संलग्न छ । भारतमा अल्पसंख्यकमाथिको दमन र कश्मीरमा हुने अत्याचार भारतीय सरकारको वास्तविक चरित्र हो । अतिक्रमित क्षेत्रमा मानवअधिकार उल्लङ्घनले सबै सीमा नाघेको छ ।

कश्मीरी राजनीतिक नेतृत्वलाई जेल हाल्ने जस्ता दमन र नकारात्मक रणनीतिबाट अधिनस्थ उपत्यकाका जनतालाई कहिल्यै परास्त गर्न सकिँदैन । इजरायलले प्यालेस्टाइनमा आफ्नो कब्जामा लिएको क्षेत्रमा भारतले त्यही नीति अपनाएको छ । भारतीय जनता पार्टी सरकारको मुख्य उद्देश्य क्षक्ष्ड मा बहुसंख्यक मुस्लिमहरूलाई अल्पसंख्यकमा परिणत गर्नु हो तर कश्मीरीहरूले त्यस्ता सबै नापाक भारतीय योजनाहरूलाई विफल पार्नेछन् । भारत एक तथाकथित लोकतन्त्र हो जहाँ अल्पसंख्यकहरू बहुसंख्यक हिन्दू कट्टरपन्थीहरूद्वारा दुर्व्यवहार र पीडित छन् ।

काश्मिरीहरूको स्वतन्त्रता आन्दोलनलाई सारा विश्वले समर्थन गर्छ र कश्मीरीहरूसँग ऐक्यबद्धता व्यक्त गर्छ तर भारत सरकारले हिन्दुत्व ब्रिगेडको अत्याचारका पीडितहरूलाई कहिल्यै समर्थन गरेको छैन । नरेन्द्र मोदीको शासनले देशका अल्पसंख्यक विशेषगरी मुस्लिमहरूको अधिकार कुण्ठित गरेको छ । भारत एक अतिवादी राज्यको रूपमा उभिएको छ जहाँ अल्पसंख्यकहरूले ठूलो मात्रामा पूर्वाग्रह, हिंसा र उत्पीडनको सामना गरिरहेका छन् ।

मोदी सरकारले सबै अल्पसंख्यकहरू विरुद्ध भेदभावपूर्ण नीति अपनाइरहेको छ र भारत अहिले आफ्नो विचारसँग असहमत हुनेहरूका लागि निकै खतरनाक देश बनेको छ । भारतीय संविधानमा राज्यले सबै धर्मलाई समान र सहिष्णुतापूर्वक व्यवहार गर्ने लेखिएको छ, तर यथार्थमा त्यहाँ बसोबास गर्ने अल्पसंख्यकहरूलाई आफ्नो धर्म त्यागेर हिन्दू बन्न बाध्य पार्ने ठाउँमा जमिन सबै किसिमले साँघुरो भइरहेको छ । मुस्लिम सिखको पनि के कुरा गर्ने, भारतमा बसोबास गर्नेहरूले अपरेशन ब्लू स्टारलाई बिर्सन सक्दैनन् जब हजारौं सिखहरू राज्य आतंकवादको परिणाममा मारिए । अगस्ट ५, २०१९ पछि, मोदी सरकारले कब्जा गरेको क्षेत्रमा दमन र अत्याचारलाई तीव्र बनाएको छ र अब कश्मीरीहरूलाई पूर्ण रूपमा पर्खालतिर धकेलिएको छ ।

अल्ताफ शाह, मिरवाइज मोहम्मद फारूक र ख्वाजा अब्दुल घानी लोन जस्ता कश्मीरी शहीदहरूको बलिदान इतिहासमा कोरिएको छ । हिरासतमा शाहको मृत्यु र चिकित्सा उपचार अस्वीकारले कश्मीरी कैदीहरूलाई कठोर व्यवहारलाई हाइलाइट गर्दछ । २१ मे, १९९० मा मिरवाइज मोहम्मद फारूक र ७० शोक गर्नेहरूको हत्या भयो र २२ वर्षपछि, ख्वाजा अब्दुल घानी लोन पनि मारिए । यी घटनाहरू कश्मीरीहरूको स्वतन्त्रताको सङ्घर्षको प्रतीक हुन् । आफ्नो बलिदानको बावजुद, भारतीय सेनाहरूले यस क्षेत्रमा हिंसालाई निरन्तरता दिँदै शिशु, महिला, विद्वान र नेताहरू सहित एक लाख भन्दा बढी शहीदहरू सिर्जना गरेका छन् । मे २१ को स्मृति लाखौं कश्मीरीहरूको हृदयमा प्रतिध्वनित, सर्वोच्च बलिदानको दिनको रूपमा जीवित छ ।

काश्मिरीहरू आशाले भरिएका छन्, नयाँ बिहानीको आकांक्षा गरिरहेका छन् । यो महत्वपूर्ण मोडमा थियो कि मिरवाइज र लोन आफ्नो नेतृत्वको धेरै




ठूलो पक्ष प्रस्तुत गर्न उभिए । उनीहरूले यो मुद्दालाई नयाँ उकास्ने मात्रै गरेनन्, यसलाई नयाँ जोश र अर्थ पनि दिए । मिरवाइज र लोन प्रतिभाशाली र स्पष्ट राजनीतिज्ञ थिए जसलाई उनीहरूको आत्मनिर्णयको संघर्षमा आफ्ना जनतालाई शिक्षा दिन नेतृत्वदायी भूमिकाको लागि गोली हानी मारिएको थियो । उनीहरूलाई गोली हानी मारिएको थियो किनभने उनीहरूले विश्वलाई भारत र पाकिस्तानले सहमति जनाएका र संयुक्त राज्य अमेरिकालगायत प्रजातान्त्रिक शक्तिहरूले समर्थन गरेको र संयुक्त राष्ट्र सुरक्षा परिषद्ले अनुमोदन गरेको वाचाबारे विश्वलाई सम्झाएका थिए ।

दशकौंदेखि कश्मीर मुक्ति आन्दोलनले यस मुद्दामा ध्यानाकर्षण गरेको छ । कश्मीरको द्वन्द्वको बारेमा चेतना फैलाउन धेरै दलहरूले जुलुस, जुलुस, सम्मेलन र सेमिनारहरू एकसाथ राख्छन् । कब्जा गरिएको उपत्यकामा भारतीय सेनाको क्रूरताले कश्मीरीहरूको स्वतन्त्रता संग्रामलाई गति दिनेछ । पाकिस्तानीहरू आवश्यकता र समर्थनको घडीमा कश्मीरीहरूको साथमा छन् । पाकिस्तानले काश्मिरीहरूलाई नैतिक र कूटनीतिक समर्थन जारी राख्नेछ । कश्मीरीहरूको बलिदान र संघर्षले उनीहरूको स्वतन्त्रताको लागि मार्ग प्रशस्त गर्नेछ । कश्मीरीहरूको कब्जा गरेको उपत्यकाको भारतीय विलयलाई अस्वीकार गरेका छन् र उनीहरूले छिट्टै भारतीय सेनाको दमनकारी शासनबाट स्वतन्त्रता देख्नेछन् ।

भारतीय सेनाले कश्मीरमा कब्जा जमाएको छ र त्यहाँका जनताको आत्मनिर्णयको अधिकारलाई अस्वीकार गरेको छ । कश्मीरीहरूको सहनशीलताको प्रशंसा गर्दै, हामी अन्तर्राष्ट्रिय समुदायलाई संयुक्त राष्ट्र संघको प्रस्तावहरू कार्यान्वयन गर्न र कब्जा गरिएको उपत्यकामा कर्फ्यू हटाउनको लागि आफ्नो भूमिका खेल्न आग्रह गर्दछौं । पाकिस्तानले काश्मिरीहरूलाई नैतिक र कूटनीतिक समर्थन जारी राख्नेछ र कश्मीरमा मानवअधिकार उल्लङ्घनको बारेमा राष्ट्रहरूलाई जानकारी गराउनेछ । कश्मीरका बारेमा महान कश्मीरी नेता सैयद अली गिलानीको व्यक्तिगत धारणा थियो कि कश्मीरलाई पाकिस्तानमा विलय गर्नुपर्छ ।

कश्मीर र पाकिस्तानको नेतृत्वले महान कश्मीरी नेता सैयद अली गिलानीलाई भारतीय सतावट र कठिनाइहरूको सामना गर्दै स्वतन्त्रता र न्यायको लागि जीवनभरको संघर्षको लागि सम्झन्छ । एउटा डरलाग्दो कार्यमा, उनको शवलाई उनको परिवारबाट भारतीय कब्जाकर्ता सेनाले खोस्यो, र उनको परिवार र आफन्तको अनुपस्थितिमा हतारमा चिहानमा गाडियो । उनको परिवार र साथीहरूलाई अन्तिम श्रद्धाञ्जली दिन वा उनको मनपर्ने चिहानमा गाड्न अनुमति थिएन । इतिहासको इतिहासमा, राष्ट्रहरू र जनताहरू प्रायः नेताहरू, मार्गदर्शकहरू र कार्यकर्ताहरूबाट आशीर्वादित हुन्छन् जसले प्रेरणा र समाजमा दिगो प्रभाव पार्ने नेतृत्व प्रदान गर्ने निर्णायक भूमिका खेल्छन् ।

# मृत राजनीति कसरी लोकतन्त्र हुनसक्छ ?



• राजन कार्की
rajan2012karki@yahoo.com

राजनीतिले समाज बदल्न सकेन । राजनीति अपराधिकरण भयो । राजनीति व्यवसाय बन्यो । राजनीति सत्ता, सम्पत्ति र शक्ति आर्जन गर्ने र दुरूपयोग गर्ने साधन बन्यो । यही कारण नेतृत्व असक्षम भयो । व्यवस्था बदलिए पनि अवस्था बदलिएन । अवस्था झन झन दुरावस्थामा पुग्दा राष्ट्र अस्तित्वको संकटमा फस्न पुग्यो । कूटनीति असंलग्न थियो, रहेन । असंलग्न नहुँदा भूराजनीतिक भूमरीमा परेर राष्ट्र झन झन संकटमा फस्दै गएको छ ।

पुर्खाको वीरताले निर्माण गरेको यो मुलुक । इतिहास शिक्षा पनि थियो । हाम्रा नेतृत्वपंक्तिले इतिहासबाट शिक्षा लिएनन्, आफैलाई इतिहासको कलंक बनाए । वीरताको इतिहास मटियामेट भयो ।

यी नेताहरूले बुझ्नुपर्ने थियो, हिटलरभन्दा शक्तिशाली को थियो ? उसको अन्त्य आत्महत्याबाट भयो । समय कति बलवान हुनेरहेछ, समय छँदै नेतृत्व सच्चियो भने पछि पुर्पुरोमा हात राखेर पछुताउनु पर्ने छैन ।

२०५२ साल फागुन १ गतेदेखि २०६२ साल मंसिर ५ गतेसम्म जनयुद्ध चल्यो, जनयुद्धकालको समय हिटलरको बलबती समयभन्दा कम थिएन । १८ वर्षपछि देखियो, नेतृत्व मैन पग्लेजसरी पग्लिएर शिखरबाट भुइँमा झरिसकेका छन् ।

जनयुद्धकालको त्यो समयमा कति मारिए, कति बिधुवा भए, कति अपाङ्ग बने, कतिले सहारा गुमाए, कति बेसहारा भए, बितण्डताको बिनासलीला भनिसाध्ये छैन । यो घाउ लोकतन्त्रले झन कोतरेकाले निको नहुने घाउ हो । यतिबेला संक्रमणकालीन न्यायको खुब चर्चा छ । तर पीडितहरूले आशंका गरेका छन्, राजनीतिले यहाँ पनि जनतालाई झुक्याउने प्रपञ्च गरेका छन् ।यसकारण त मानवाधिकारवादीहरूले समेत पीडकको दण्ड घटाउन सकिएला, उन्मुक्ति दिइयो भने यो ज्वालाले बंगलादेशको भन्दा ठूलो आँधी आउनसक्ने भनिरहेका छन् । त्यसै पनि नेतृत्व र पद्धतिप्रति युवा समुदाय सडकमा आक्रोशसहितको बिद्रोह फुक्न थालिसकेका छन् ।

कुनियतले सत्ता चलाउँदा राजनीति हाँक्दा अनेक प्रश्न जन्मिएका छन् । राजनीतिमा धर्म हुन्छ कि हुन्न ? इमान चाहिन्छ कि चाहिन्न ? के राजनीतिक दलका नेताहरूले आफ्ना प्रतिवद्धताहरूमाथि आफैले केरमेट गर्न सुहाउँछ ? राजनीतिक दलका नेताहरू संवेदनहीन हुनसक्छन् ? घटनाक्रमले राजनीतिक नेताहरूलाई माफियाका साझेदार बनाइसकेको छ । संवेदनाहीन, व्यापारी प्रमाणित गरेको छ । बेइमानी ठहऱ्याएको छ । बेइमानी राजनीतिले लोकतन्त्र हाँकेर पुग्ने लथालिङ्ग अवस्थामै हो । नेपालको कानुनव्यवस्था, जनजीवन, शासनपद्धति लथालिङ्ग, भताभुङ्ग हुनपुगेको छ ।

जनयुद्ध हिंसा थिएन भने क्रान्ति थियो भने समाज बदलिनुपर्थ्यो । जनजीवन जनस्तर बढ्नुपर्थ्यो, नेतृत्वप्रति जनताको विश्वास उठ्नुपर्थ्यो । देशमा विश्वासको संकट महामारीको रूपमा बढेको छ । जनयुद्ध र जनआन्दोलन भारतमा रोपियो, सिंहदरवारमा फुल्यो र सडकमा झऱ्यो । सत्य यही हो ।

नयाँ नेपाल बनाउने जनयुद्ध र जनआन्दोलन समयक्रमले सत्ताको ब्रम्हनालमा लम्पसार परेको छ । सर्वहारावाद, समाजवाद, लोकवाद सबै सत्ताको गल्लीमा 'बरेलीकी बजारमे झुम्का गिरा रे' गीतमा झुमिरहेको देखिन्छ । जो आफै सत्ता, शक्ति र सम्पत्तिको नशामा बेहास छ, उसले देश कसरी बनाउन सक्छ ?

नयाँ नेपाल नेताहरूको मुहारमा मात्र झुल्क्यो । गणतन्त्र नेपाली जनताका लागि एउटा कोतपर्वपछि जन्मिएको अर्को जंगबहादुरको राणाशाहीभन्दा भिन्न अर्थमा बुझ्न सकिन्न । जन-जनको प्रश्न छ- के यस्तै हुन्छ गणतन्त्र नेपाल ? लोकतन्त्र ?

राजनीतिले व्यवस्थापन होइन, तिक्तपन बढाइरहेको छ । निर्णायक तत्वहरूले समस्याका जमरा आफ्नै छातीमा उमारिरहेका छन् । जुँगा मुसार्ने, बाहुला सुर्कने, तिघ्रा ठटाउने गरेपछि मल्लयुद्ध त हुन्छ-हुन्छ । अराजकता त फैलिन्छ फैलिन्छ । सुशासन त हुँदैन हुँदैन । अहंकारी मल्लयुद्ध राजनीतिको महारोग बन्नपुग्यो । पटक पटकको सहयात्रा छिन्नभिन्न हुनपग्यो ।

नेतृत्वलाई आफू असक्षम भएको हेक्कै रहेन । हुनैपर्ने थियो, परम्परागत शक्तिसँग सहकार्य । जुन हुनेसकेन । कुनै पनि बाधा अड्काउ नहुँदासमेत राजनीतिक स्थिरता, शान्ति, समृद्धिको श्रीगणेश भएन कारण एउटै थियो, सबैभन्दा लोकप्रिय शक्तिलाई किनारा लगाएर बाहुबली तन्त्र चलाउनु, यसैलाई लोकतन्त्र हो भनेर भ्रम छर्नु । पार्टीहरू एउटा दक्षिणपन्थी, अर्को उत्तरपन्थी, तेस्रो पश्चिमपन्थी र हरेक पन्थभित्र अतिवादपन्थी । यी अनेक पन्थीहरू स्वार्थका लागि जुनसुकै पन्थी बन्नसक्ने अवसरपन्थीका अनुयायी हुन् । व्यक्ति स्वार्थको राजनीतिक व्यवसायका कारणले देश र जनताको हित स्वाहा भइरहेछ ।

•••

**कुनियतले सत्ता चलाउँदा राजनीति हाँक्दा अनेक प्रश्न जन्मिएका छन्। राजनीतिमा धर्म हुन्छ कि हुन्न ? इमान चाहिन्छ कि चाहिन्न ? के राजनीतिक दलका नेताहरुले आफ्ना प्रतिवद्धताहरुमाथि आफैले केरमेट गर्न सुहाउँछ? राजनीतिक दलका नेताहरू संवेदनहीन हुनसक्छन् ?**

•••

लोकतन्त्र हरेक नेपालीले परिवर्तनको अनुभूति गर्न पाउनुपर्छ भन्ने सोच व्यवसायी बनेका पार्टीहरूमा उम्रनै सकेन । यही निराशपनमा प्रश्न उठेको छ- लोकतन्त्रको आवरणमा विध्वम्स मच्चाउने आतङ्ककारीको मुटुभित्र मानवीय धड्कन नहुने रहेछ । देशमा अपराध बढेको छ, पीडक छाडा साँढे बनेर डुक्रिरहेका छन् । युवाहरू निराश बनेर जसरी पनि परदेश जानुपर्छ भन्ने मानसिकता बोकेर वैदेशिक रोजगार, अध्ययन, अनेक कारणमा अल्मेर दौडिरहेका छन् ।

कुनै समय नेपोलियन बोनापार्टको अध्याय अहंकारको युग बन्यो, जसको कारणले वाटर लूको युध्दमा पराजीत हुनुपऱ्यो । उनी वीर थिए । उनले वीरताको सम्मान त पाए तर उनी सेन्ट हेलेनाको टापुमा घुँडा टेक्नुपऱ्यो । सेन्ट हेलेनाको त्यो टापुमा बन्दी जीवन बिताउनु परेपछि उनले छोरालाई चिठी लेखे- छोरा, समयलाई चिनेर अघि बढ्नु ।

यो शिक्षा राजनीति गर्ने सबैका लागि उपयोगी थियो । तर नेपाली नेताहरू राजनीतिमा हुनैपर्ने यो शिक्षा लिन चुकेका छन् । उनीहरू जसरी पनि सत्तामा पुग्नुपर्छ भन्ने मानसिकता पालेर राजनीतिका नाममा अपराध साम्राज्य चलाइरहेका छन् ।

वामपन्थीका लागि ख्रुस्चेव अर्का उदाहरण हुन् । उनले जनताको भावनामाथि खेलबाड गर्दा नूनखानीमा लखेटिनु पऱ्यो । महासर्वसत्तावादी स्टालिन आफ्ना तीनजना अति विश्वासपात्रको हातबाट मारिनुपर्‍यो । जनादेशबाट उठेर पनि मानवताको इतिहासमा कलंकित व्यक्तित्व बनेका हिटलरले आत्महत्या गर्नुपऱ्यो । विरोधीको टाउको काटेर फुटबल खेल्ने र विरोधीको मुटु कलेजोको भुटुवा बनाएर जिब्रो फट्कारी-फट्कारी स्वादले खाने इदी अमीन जनताबाट डराएर बच्दै जंगलभित्र भाग्नुपऱ्यो । रोमनियाका शासक चाउचेस्कु जसको दरवारमा बाथरूमको कमोठसमेत सूनको थियो । त्यस्ता सौखिन, सामन्तलाई जनताले दरवारको बार्दलीबाट फ्याँकीदिए । चाउचेस्कुलाई जनताको भीडले कति टुक्रा पारे, गन्ति गर्न सकिएन । जनता आक्रोसित भएपछि आँखा देख्दैनन् भन्ने उदाहरण हुन् यी । यस्तै उदाहरण अफगानिस्तानमा देखियो, श्रीलंकापछि बंगलादेशमा देखियो । नेपालमा पनि जनआक्रोशको हावा चल्न थालिसकेको छ, आँधी बन्नसक्छ । नेताहरूलाई खबरदारी गर्न युवा सडकमा निस्कनु भनेको नेतृत्वपद्धति असफल भयो भन्ने हो । तर बाहुबली नेतृत्व समयलाई बुझ्दैनन् ।

हाम्रा शासक बनेका बर्ग जनयुद्ध र जनआन्दोलनको आगोबाट निस्केका हिरा थिए । यिनलाई किरा बन्न १८ वर्ष पनि लागेन । यी कोहिनुर हिरा थिए, लामकिरा बनेर देश र जनतालाई टल्काउनुको साटो डसिरहेका छन् । जनताका लागि आफूले पालेको कुकुरले आफैलाई टोक्छ भनेको यही हो । नेपाल र नेपालीका लागि हामी आवश्यक छौं भनेर कुनै नेताले प्रमाणित गर्न सकेनन् ।

नेता भनेपछि आमनागरिकमा घृणामात्र देखिन्छ । जन-सम्मान आर्जन गर्नुपर्छ भन्ने कुनै नेतालाई लागेकै छैन । नेपाली राजनीतिक वर्णपटमा सत्य सावित भयो महाभारत- आचरण नष्ट हुनु भनेको आफै नष्ट हुनु हो । राजनीतिक जीवनमा अपराध पस्यो भने उसको जीवन नष्ट समान हो । जो आफै नष्ट छ, उसले समाजलाई के दिन्छ ? हाम्रा नेताहरू कायरको राजनीति गरिरहेका छन् ।

कायर नेतृत्व भनेको पलपलको मृत्यु हो । मृत्यु राजनीति कसरी लोकतन्त्र हुनसक्छ ?

नेपाल र नेपालीको दुर्भाग्य, मृत राजनीतिलाई जाल झेल, षडयन्त्र गरेर शक्तिशाली बनेका नेताहरू यही मृत राजनीतिले शान्ति र समृद्धि ल्याउँछ भन्ने भ्रम छरिरहेका छन् । तिनको आरती उतार्ने कार्यकर्ता पंक्ति ताली र झ्याली एक्कैपल्ट बजाइरहेका छन् ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं।

- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

### दलहरूको हैसियत संविधानले होइन जनादेशले दिने हो

*यतिबेला मुलुकमा संविधान संशोधनको चर्चाले व्यापकता पाएको छ। तर कुनैपनि राजनीतिक दलहरूले संविधान संशोधनको खाका तयार गर्न सकेका छैनन्। विद्यमान प्रणाली अनुसार कुनैपनि राजनीतिक दलले एकल बहुमत ल्याउन सक्ने सम्भावना छैन। त्यसैले संविधान वर्तमान निर्वाचन प्रणाली नै अस्थिरताको स्रोत भएकाले गर्दा संविधान परिमार्जन वा परिवर्तन गर्नुको विकल्प छैन भनिरहेका छन् राजनीतिक दलहरूले। यो आरोपमा केही सत्यता रहेको छ। यस अघिका दुई वटा निर्वाचनको परिणामले त्यसलाई पुष्टि गरिसकेको छ। सत्ताको घृणित खेल र प्रधानमन्त्री र मुख्यमन्त्री उत्पादनको दुष्चक्र तथा प्रदेशहरूमा एकपछि अर्को आपराधिक र विवादित छविका व्यक्ति मन्त्रीहरू नियुक्तिले निर्वाचन प्रणाली निरपेक्ष रुपमा स्थिरता वा अस्थिरताको स्रोत हुन सक्दैन। जनताको अभिमत शक्ति सन्तुलन र राजनीतिक दलहरूको नीति, रणनीति र उनीहरूको संस्कारमा भर पर्दछ।*

*एकल बहुमत हुँदा पनि राजनीति स्थायित्व हुन नसकेको इतिहास हामीकहाँ साँक्षी रहेको छ। २०४८ र २०५६ मा कांग्रेसले स्पष्ट बहुमत ल्याएको थियो। तर कांग्रेसले स्थिर सरकार दिन सकेन। दुवै पटक मध्यावधि निर्वाचन अस्थिरताको सुरुवात गरिएको थियो। राजनीतिक दलहरूले एकले अर्कोलाई विश्वास गर्न नसकेको र सत्ता संघर्षको खेलमा लागेकोले गर्दा दुई दुई पटक प्रतिनिधिसभा विघटन गरियो। त्यसै बेला सत्ता संघर्षकै कारण नेकपा विभाजित भयो। २०७४ मा तत्कालिन नेकपाको संसदमा झण्डै दुई तिहाई मत रहेको भएपनि प्रतिनिधिसभा विघटन गरियो भने नेकपा समेत विभाजित भयो। त्यसैले भन्न सकिन्छ कांग्रेस र नेकपा एमालेले बहुमत पाए पनि स्थिरता कायम गर्न उनीहरू असफल सावित भए।*

*विवादका धेरै कारणहरूमध्येको अर्को कारण हो नेता निकट कार्यकर्ता, नेता र विवादास्पद पृष्टभूमिका चन्दादाताहरूलाई सांसद बनाउने दलहरूको चरित्रकै कारण समानुपातिकका नाममा गरिएको अर्को विकृत्तिले लोकतन्त्र नै बद्नाम भयो। २०४८, २०५१ र २०५६ को तुलनामा २०६२/६३ को परिवर्तन पछिका जनप्रतिनिधिमूलक निकाय केही समावेशी भएका थिए। २०५६ सम्मका निर्वाचनमा मधेशी, जनजाति, महिला, अल्पसंख्या समुदायको न्यायोचित प्रतिनिधित्व हुन सकेको थिएन। त्यसैले गर्दा २०६२/६३ को परिवर्तनपछि मिश्रित प्रणाली अनुसार व्यवस्था केही मात्रामा ठीक भएको घाम जत्तिकै छर्लङ रहेको छ। संघीय संसद, प्रदेशसभामा ३३ प्रतिशत र स्थानीय तहमा ४१ प्रतिशत महिलाको प्रतिनिधित्व हुनु समानुपातिक प्रणालीकै कारण सम्भव भएको हो। नेपाल जस्तो सानो देशमा ८८४ जना सांसद ७५३ वटा पालिका र ३५२२१ जनप्रतिनिधि आवश्यकता भन्दा धेरै भए। आफ्ना कार्यकर्तालाई व्यवस्थापन गर्न संघदेखि स्थानीय सरकार पार्टी कार्यकर्ताको व्यवस्थापन गर्ने भर्ती केन्द्रको रुमपा विकास गरियो।*

*प्रतिनिधिसभामा २७५ राष्ट्रिय सभामा ५९ गरी ३३४ सांसद तथा ३३० प्रत्यक्ष र २२० समानुपातिक गरी ५५० प्रदेश सांसद रहेका छन्। यहि कारणले गर्दा निर्वाचन प्रणाली नै खर्चिलो, भड्किलो भएकाले अहिलेको विकृत्तिको स्रोत नै निर्वाचन भएको छ। लामो समयसम्म राजनीति गरेका तर आर्थिक स्रोत नभएका व्यक्तिहरू निर्वाचन लड्न सक्ने अवस्था छैन। यो दुर्भाग्यको विषय हो। यसैगरी निरन्तर रुपमा सत्ता परिवर्तन हुँदा छोटो समयमा सरकार परिवर्तन हुँदा सरकार जनताप्रति उत्तरदायी हुन सकेन। लोकतन्त्रको मूल्य र मान्यता विपरित सरकार सञ्चालन हुने हुँदा सुशासनको आधारभूत संस्थागत हुन सकेको छैन अहिलेको पहिलो आवश्यकता भनेको विधिको शासन र सुशासन नै हो।*

*गत असार १७ गते कांग्रेस र एमालेबीच भएको ७ बुँदे सहमति अनुसार संविधान संशोधन गर्ने सहमति भएको छ। तर उनीहरूबीचमा संविधानमा कुन कुन विषयमा संशोधन गर्ने भन्नेमा कुनै सहमति भएको छैन। साना दलहरूले कांग्रेस र एमालेले थ्रेस होल्ड बढाएर साना दलहरूलाई समाप्त पार्ने रणनीति लिएको आरोप लगाईरहेका छन् भने माओवादीले संविधान संशोधन गर्ने भए राष्ट्रपति प्रणालीमा जानुपर्ने बताउँदै आएको छ। माओवादी प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको पक्षमा वकालत गर्न थालेको छ। कांग्रेस एमालेले माओवादीको वकालतलाई समर्थन गर्न सक्ने सम्भावना न्यून देखिएको छ। संसदीय प्रणालीमा संसद मार्फत बनेका प्रधानमन्त्री त सर्वसत्तावादी र अधिनायकवादी हुने प्रयास गर्दै आएका छन् भने प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली के नेपालमामा सम्भव होला ? नेपाल जस्तो सानो र जनता कमजोर अवस्थामा रहेको देशमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति सम्भव नै छैन। यदि राष्ट्रपतीय प्रणाली कायम गर्ने हो भने राष्ट्रपतिले राजनीतिक दल र सांसदहरूलाई मन्त्री नियुक्त गर्न नपाउने व्यवस्था संविधानमै गरिनुपर्दछ। के त्यसका लागि राजनीतिक दलहरू तयार होलान् त ? दलहरूको हैसियत संविधानले होइन जनादेशले दिने हो भन्ने हेक्का दलहरूमा हुनैपर्दछ।*

*नेपाल जस्तो सानो र गरिब मुलुकमा समानुपातिक प्रणालीय व्यवस्था नै उपर्युक्त हुन सक्छ। केही पार्टीहरूले सममानुपातिक प्रणालीलाई समस्या भन्दै आएका भएपनि त्यो समस्या होइन सममाधान हो कुनै पार्टी वा दलले समानुपातिक प्रणाली खारेज गर्न सक्ने सम्भावना नै देखिँदैन। संविधानसभाबाट बनेको संविधानमा समानुपातिक व्यवस्था गरिएको हुनाले सो व्यवस्थालाई खारेज होइन परिमार्जन गरि सुधार गर्न सकिन्छ। सुधारका लागि राजनीतिक दलहरू तयार हुनुपर्दछ। समानुपातिक र समावेशी प्रणालीको मूल्य र मान्यता तथा संविधानको भावना अनुसार संकुचित होइन यसको दायरा फराकिलो बनाउनु आवश्यक रहेको छ। समानुपातिक मात्र होइन प्रतिनिधिसभा र प्रदेशसभामा महिला, मधेशी, जनजाति, दलति अल्पसंख्यक तथा सीमान्तकृत समुदायको प्रत्यक्ष निर्वाचनमा समेत थप प्रतिनिधित्वको प्रत्याभूति गर्न सक्ने कानुनी व्यवस्था गरिनु उपयुक्त हुनेछ भन्ने हामीले ठानेका छौं।*

# निर्णायक दलित आन्दोलनको प्रस्ताव

**परशुराम रम्तेल**

नेपालको दलित आन्दोलन सुरूवाती चरणमा सामाजिक आन्दोलनका रूपमा अघि बढेको थियो। २००३ सालमा बागलुङका भगत सर्वजित विश्वकर्माको नेतृत्वमा थालिएको दलित आन्दोलनले छुवाछूत र जातीय विभेदका विरूद्ध संघर्ष गर्दैमा लामो समय व्यतीत गर्नुपर्‍यो।

सामन्तवादी सत्ताद्वारा जबरजस्त थोपरिएको परम्परा, धर्म, संस्कार र संस्कृतिको नाममा दलितमाथि गरिएको अत्यन्त अमानवीय शोषण र उत्पीडनका विरूद्ध थुप्रै आरोह-अवरोह र संघर्षका चरण पार गर्दै नेपाली दलित आन्दोलन आजको अवस्थामा आइपुगेको हो। हाम्रा थुप्रै ऐतिहासिक र होनहार अग्रजद्वारा गरिएको त्याग, लगानी र योगदानबाट केन्द्रीय राजनीतिमा, दलित आन्दोलनमा केही उपलब्धि भएको छैन, दलितले के पाए भन्ने विभ्रम सिर्जना गर्ने प्रयत्न हुन थालेका छन्। त्यसैगरी दलित आन्दोलन विशुद्ध दलितवादी भएर सञ्चालन गरिनुपर्छ भन्ने विषय पनि यदाकदा सुन्ने गरेको पाइन्छ।

जनताको सार्वभौमसत्ता सम्पन्न संविधानसभाबाट निर्माण भएको संविधानको मौलिक हकअन्तर्गत धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछूत तथा भेदभावविरूद्धको हक र धारा ४० मा दलित हकको व्यवस्था लगायतका दलितसम्बन्धी थुप्रै अधिकार स्थापित भएका छन्।

संवैधानिक र कानुनी रूपमा नेपाली दलित आन्दोलनले सात दशकदेखि निरन्तर उठाउँदै आएका महत्त्वपूर्ण एजेन्डालाई एक हदसम्म सम्बोधन गरेको छ भने कतिपय महत्त्वपूर्ण सवाल सम्बोधन हुन बाँकी छन्। प्राप्त उपलब्धिको व्यावहारिक कार्यान्वयन र प्राप्त हुन बाँकी अधिकारका लागि दलित आन्दोलन निरन्तर जारी छ। दक्षिण एसियाको एउटा विशिष्ट समस्याका रूपमा रहेको दलित मुद्दालाई राज्यसत्ताले कसरी अगाडि बढाउने ? राजनीतिक दलहरूले कसरी लिने र किन यो मुद्दाप्रति गम्भीर देखिएका छैनन् ? स्वयम् दलित अधिकारका पक्षमा उभिएका राजनीतिक दलित भ्रातृ संगठन, नागरिक समाज, बुद्धिजीवीलगायत यससँग सम्बन्धित आन्दोलनकारीले कस्तो खालको कार्यदिशा अवलम्बन गर्ने ? यस्ता तमाम सवालमा गम्भीर छलफल र बहसको खाँचो छ।

यतिबेला दलित अधिकारकर्मी खगेन्द्र सुनार 'दलितलाई अधिकार खै ?' भन्दै आफ्नो शरीरलाई जन्जिरद्वारा बेरिएर देशकै राजधानीमा धर्नामा छन्। राज्यले दलित समुदायलाई अधिकार सम्पन्न गर्नुपर्ने र राज्यका निकायहरूमा सहभागिता गराउनुपर्ने उनका जायज मागलाई सरकारले तत्काल पूरा गर्नुपर्छ। दलित आन्दोलन राजनीतिक आन्दोलनभन्दा माथि उठेर नितान्त दलितवादी भएर मात्रै दलितमाथि गरिएको उत्पीडनको समस्या हल गर्न सकिन्छ भन्ने उनका तर्कका बारेमा छलफल आवश्यक छ।

दलित आन्दोलनको अन्तरवस्तु, राज्यसत्तासँग दलित उत्पीडनको अन्तरसम्बन्ध, दलितसम्बन्धी व्यवस्था भएका संवैधानिक र कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयन गर्न राज्यसत्तामा हुनुपर्ने आवश्यक संरचना, वैचारिक र सैद्धान्तिक पक्ष, इच्छाशक्ति आदिका बारेमा दलित आन्दोलनभित्र व्यापक बहस जरूरी छ। त्यसैगरी, दलित समुदायमाथिको उत्पीडन सिंगो राज्यसत्ताको आधार र उपरिसंरचनासँग अन्तरसम्बन्धित रहेको हुनाले दलित आन्दोलनको आगामी कार्यदिशाका बारेमा पनि थप बहस गरिनुपर्छ।

संसारमा हुने जुनसुकै आन्दोलन पनि राजनीतिक दर्शनमा आधारित हुन्छ। जीवन र जगत्, हरेक वस्तु, घटनाक्रम वा समस्या बुझ्न राजनीतिक दर्शन अत्यावश्यक हुन्छ। राज्यको स्वरूप, व्यक्ति र समुदाय तथा राज्यको अन्तरसम्बन्ध, राज्य प्रणालीजस्ता समग्र पक्षका बारेमा अध्ययन राजनीतिक दर्शनका आधारमा गरिन्छ। दलितमाथिको उत्पीडनमा सामन्तवादी राज्य प्रणालीको भूमिका, दलितमाथिको अर्थराजनीति, विभेदकारी नीति र संस्कृति आदिका बारेमा नेपाली दलित आन्दोलनको कस्तो वैचारिकी हुने ? आन्दोलनको राजनीतिक अन्तरवस्तु के रहने ? हाम्रो दलित आन्दोलनको वस्तुवादी समीक्षा कस्तो गर्ने ? आगामी दिनमा आन्दोलनको कार्यदिशा कस्तो हुने ? यस्ता प्रश्नले बहसको माग गर्छन्।

दलित समुदायमाथिको उत्पीडन र समस्या वर्गीय राज्यसत्तासँग अभिन्न जोडिएको राजनीतिक मुद्दा भएकाले यसलाई देशको केन्द्रीय राजनीतिभन्दा भिन्न अलगाववादी तरिकाबाट गैरराजनीतिक ढंगले हल हुन सक्दैन। दलित मुक्ति आन्दोलनलाई केन्द्रीय राजनीतिसँग एकाकार गर्दै क्रान्तिकारी विचार र कार्यदिशाका आधारमा दलित समस्याको हल गर्नुपर्छ। वास्तवमा दलित मुक्ति आन्दोलनको मुख्य वैचारिकी भनेकै राजनीतिसँग, राज्यसत्ता प्राप्तिको क्रान्तिकारी प्रवृत्तिसँग, सर्वहारा वर्गीय राज्यसत्ता प्राप्तिको आन्दोलनसँग अभिन्न रूपमा जोड्नु हो। दलित मुद्दालाई संवैधानिक र कानुनी व्यवस्थासँग एकाकार गर्दै प्रभावकारी कार्यान्वयनमा जोड दिएर मात्रै दलित मुद्दाको सही सम्बोधन सम्भव छ। एकाध दलित प्रतिनिधि विजयी भएर, एक्लो वीर बन्ने प्रवृत्तिले दलित समस्याको दीर्घकालीन हल असम्भव हुन जान्छ।

नेपालको राजनीतिक क्षेत्रमा दलित आन्दोलनलाई बुझ्ने र हेर्ने दृष्टिकोणमा मूलभूत तीन प्रवृत्ति देखा पर्ने गरेका छन्। पहिलो, दलित मुद्दालाई बेवास्ता गर्ने र अस्वीकार गर्ने प्रवृत्ति। यो प्रवृत्तिले दलित समुदायलाई सामन्तवादी कालको शासकीय मनोवृत्ति जस्तै अमान्छेका रूपमा लिँदै दलित मुद्दाप्रति बेवास्ता मात्रै नगरेर ठाडै अस्वीकार गर्छ। यसले दलित अधिकारको विश्वव्यापी मान्यतालाई अस्वीकार र खारेजी गर्छ। कतिपय ठूलै राजनीतिक दलका शीर्षस्थ नेता पनि यो मानसिकताबाट ग्रसित छन्।

दोस्रो, अलगाववादी प्रवृत्ति। यो प्रवृत्तिले दलित आन्दोलन समग्र राजनीतिक आन्दोलन र परिवर्तनसँग जोडिएर अगाडि बढाउनेभन्दा पनि विशुद्ध दलितवादी आन्दोलनका रूपमा अगाडि बढाउनुपर्छ भन्ने मान्यता राख्छ। यसले राजनीतिक पार्टी र तिनका नेतृत्व पंक्तिलाई गाली गर्दै पार्टीमा दलित नेतालाई पार्टीको झोले बनेका भनेर अराजनीतिक र अशिष्ट ढंगले गालीगलौज गर्दै गैरराजनीतिक गतिविधि गर्छ। नेपाली दलित आन्दोलनमा पछिल्लो चरणमा यो प्रवृत्तिले आन्दोलनलाई दिग्भ्रमित पार्ने असफल प्रयत्न गरेको देखिन्छ। यसले आन्दोलनलाई घाटा मात्रै नभएर सिंगो दलित आन्दोलन नै अलगाववादमा फसाउँछ। अन्ततः यो प्रवृत्तिले आन्दोलनलाई शून्यवादमा पुर्‍याउँछ।

तेस्रो, राजनीतिक प्रवृत्ति। यो चिन्तन प्रवृत्तिले दलित आन्दोलनलाई सिंगो राजनीतिक आन्दोलनसँग एकाकार गर्दै अगाडि बढाउने वकालत गर्छ। यही प्रवृत्तिका कारण दलित आन्दोलन आजको अवस्थामा आइपुगेको हो। थुप्रै अभावका बावजुद पनि संवैधानिक र कानुनी हकअधिकार प्राप्त गर्दै राज्यसत्ताका सबै निकाय र क्षेत्रमा दलित सहभागिता वृद्धि हुँदै जानु यही प्रवृत्तिको उपज हो। यद्यपि यो प्रवृत्तिमा पनि आमूल परिवर्तनको खाँचो देखिन्छ।

राजनीतिक दल र तिनका दलित भ्रातृ संगठन, दलित गैरसरकारी संघ/संस्था र सामाजिक संस्था, विभिन्न व्यक्ति र व्यक्तित्व सम्मिलित नागरिक समाज गरी तीनवटा शक्ति दलित आन्दोलनमा क्रियाशील र स्थापित छन्। यी तीन शक्तिले एकअर्काका बीचमा निषेधात्मक रूपमा नभई सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा सम्बन्ध र सहकार्य गर्नुपर्छ। दलित आन्दोलनलाई समग्र आन्दोलनका रूपमा विकास गर्न विगतका अपुग पक्षको समझदारीपूर्वक वस्तुनिष्ठ समीक्षासहित आन्दोलनको थप रणनीति र कार्यनीतिको विकास गर्दै आन्दोलनलाई थप घनीभूत बनाउनु ऐतिहासिक दायित्व हो।

आन्दोलनलाई विद्यमान राजनीतिक दलका दलित भ्रातृ संगठनको मात्रै पेवा बनाउने वा उनीहरूको नियन्त्रणमा मात्रै राख्नुभन्दा पनि दलित आन्दोलनमा स्थापित विभिन्न शक्तिबीचको साझा प्रयत्नबाट अघि बढाइनुपर्छ। अहिलेसम्म भएका विभिन्न संघर्ष, युद्ध र आन्दोलनको अनुभवलाई विश्लेषण गर्दा राजनीतिक दलका भ्रातृ संगठनबाट मात्रै वा गैरसरकारी संघसंस्थाबाट मात्रै वा नागरिक समाजको एकल नेतृत्वमा आन्दोलन गर्दा त्यसले पूर्णता प्राप्त गर्न सक्दो रहेनछ। कुनै पनि आन्दोलनलाई अघि बढाउन विचार र राजनीतिले मात्रै पुग्दैन। मुद्दाको मूर्तीकरणसहित सही र चुस्त नेतृत्वको पनि त्यत्तिकै महत्त्वपूर्ण भूमिका रहन्छ।

दलित आन्दोलनमा थुप्रै मुद्दा छरिएका छन्। त्यसकारण आन्दोलनलाई एकताबद्ध बनाएर घनीभूत पार्न नेपालका दलमा आबद्ध भई नेतृत्व तहमा विकास भएका एउटा निश्चित तहका दलित समुदायका नेता, संघीय सांसद, दलित भ्रातृ संगठनका निश्चित तहका नेता, प्रदेश सांसद, स्थानीय तहका निर्वाचित प्रमुख र उपप्रमुखलाई एकताबद्ध गराउनुपर्छ।

यस्तै, निजामती क्षेत्रमा कार्यरत प्रतिनिधि, गैरसरकारी संघ/संस्थाका प्रतिनिधि, विभिन्न क्षेत्रमा स्थापित अगुवा प्रतिनिधि, विदेशमा कार्यरत प्रतिनिधि, पत्रकारका प्रतिनिधिलगायत सबै क्षेत्रमा रहेका निश्चित संख्याका प्रतिनिधिको संयुक्त सम्मेलन गर्नु उपयुक्त हुन्छ। यसलाई 'दलित अधिकारका लागि सर्वपक्षीय शिखर सम्मेलन' वा 'दलित अधिकारका लागि सर्वपक्षीय राष्ट्रिय सम्मेलन' भनी नाम दिन सकिन्छ। सो सम्मेलनले संयुक्त दलित आन्दोलनको एजेन्डा, कार्यदिशा र कार्ययोजनाको मूर्तीकरणसहित एउटा संयुक्त संगठन वा मोर्चा पनि निर्माण गरिनुपर्छ।

दलित समस्यालाई उचित ढंगले समाधान गर्न राज्यसत्ता, राजनीतिक दल, स्थायी सरकारका रूपमा रहेको कर्मचारीतन्त्रलगायत देशका कुनै पनि शक्ति संवेदनशील र गम्भीर देखिँदैनन्। युद्ध, आन्दोलन वा संघर्षमा रहँदा दलितमैत्री देखिए पनि अन्ततः दलहरू राज्यसत्ता वा सरकारमा पुगेपछि दलितविरोधी हुने गरेको ऐतिहासिक विरासत हाम्रासामु छ। त्यसकारण विगतमा मधेशी समुदायको अधिकार भनेपछि चार हात पर भाग्ने शासक मधेश आन्दोलनले राज्यसत्तालाई राम्रैसँग धक्का दिएपछि बल्ल संघीयता र मधेशी जनसमुदायलाई अधिकार दिन तयार भयो। यसरी नै दलित आन्दोलनलाई पनि नयाँ उचाइमा उठाएर मनुवादी राज्यसत्ताका विरूद्ध धावा बोल्नु अत्यावश्यक भएको छ। यसका लागि दलित आन्दोलनमा क्रियाशील सबैखाले शक्ति, व्यक्ति, व्यक्तित्वले 'दलित अधिकारका लागि सर्वपक्षीय शिखर सम्मेलन' गरी स्पष्ट मुद्दा, नेतृत्व र कार्ययोजनासहित निर्णायक दलित आन्दोलनमा लाग्नु आजको ऐतिहासिक आवश्यकता बनेको छ। *(कान्तिपुर)*

# विद्युत् बक्यौतामाथि लेखा समितिको अस्वाभाविक चासो

हृदयश त्रिपाठी

डसेडिङको समयमा उद्योगलाई सामान्य महसुलमा ६५ प्रतिशत प्रिमियम थप गरी डेडिकेटेड फिडर र डेडिकेटेड ट्रंक लाइनमार्फत नियमित विद्युत् दिइएको थियो । त्यसको प्रिमियम महसुल विवाद अझै समाधान भएको देखिन्न । नेपाल विद्युत् प्राधिकरणले महसुल उठाउन ताकेता गरे पनि उद्योगीले तिर्न मानिरहेका छैनन् ।

संसद्को सार्वजनिक लेखा समितिले पहिल्यै सो बक्यौता उठाउन निर्देशन दिएको थियो । २४ चैत ०७५ मा समितिले यस विवादबारे अध्ययन सुरू गरेर प्राधिकरणसँग डेडिकेटेड फिडरमार्फत विद्युत् सेवा लिइरहेका उद्योग/प्रतिष्ठान, प्राधिकरणले तत्कालीन समयसम्म प्राप्त गरेको महसुल, उद्योगले महसुल तिरे–नतिरेको विवरण, उठाउन बाँकी महसुल सम्बन्धमा प्राधिकरणले गरेको कारबाहीको अद्यावधिक विवरण मागेको थियो । विभिन्न चरणमा अध्ययन गर्ने क्रममा तत्कालीन समिति सदस्य डा. मीनेन् रिजालको संयोजकत्वमा उपसमिति नै बनाएर अध्ययन गरिएको थियो । सोही उपसमितिको प्रतिवेदनका आधारमा लेखा समितिले २५ चैत ०७७ मा ऊर्जा मन्त्रालयमार्फत प्राधिकरणलाई ०७२ साउनदेखिकै प्रिमियम महसुल उठाउन निर्देशन दिँदै त्यसको जानकारी एक महिनाभित्र गराउन पनि निर्देशन दिएको थियो ।

लेखा समितिले पैसा नबुझाउने उद्योग लाइन काट्नुपर्ने निर्णय पनि गरेको थियो । 'छुट बिल जारी भएपछि ३५ दिनभित्र ग्राहकले महसुल बुझाउनुपर्ने वा चित्त नबुझेमा पुनरावलोकन गर्न सकिने र मिटर रिडिङ भएको ६० दिनभित्र ग्राहकले विद्युत् महसुल नबुझाएमा उसको विद्युत् लाइन काटी बक्यौता असुलउपर गर्नुपर्ने व्यवस्था विद्युत् महसुल संकलन विनियमावली, ०७३ मा हुँदाहुँदै प्राधिकरण व्यवस्थापकले सो प्रावधान कार्यान्वयन गरेको नदेखिएकाले सो कार्यान्वयन एक महिनाभित्र गराउने, क्षतिपूर्ति नतिरी विद्युत् लाइन नजोड्न सञ्चालक समिति तथा व्यवस्थापनलाई निर्देशन दिने,' त्यतिवेला निर्णय गरिएको थियो । महसुल विवादमा समितिले पहिल्यै बक्यौता उठाउन निर्देशन दिइसकेको अवस्थामा अहिले आएर समितिले पुनः यसको अध्ययन गर्नु स्वाभाविक देखिन्न ।

समितिको पुरानो निर्णय संसद्बाट अनुमोदन भइसकेको छ । संसदीय समितिको प्रतिवेदन प्रतिनिधिसभामा समेत पेस हुने भएकाले समितिले गरेको सो निर्णयसम्बन्धी प्रतिवेदन पनि प्रतिनिधिसभाबाट स्वतः अनुमोदन भएको छ । तसर्थ, तत्कालीन समयमा लेखा समितिले मात्रै गरेको निर्णय थिएन, संसद्ले समेत स्विकारेको यिथो । तर, संसद्बाटै अनुमोदन भएको निर्देशन ठिक छैन भनेर अहिले पुनः अध्ययन गर्नु जायज छैन ।

संसदीय अभ्यासमा पनि यो ठिक होइन । पहिला पनि तत्कालीन लेखा समिति सदस्य डा. मीनेन् रिजालको संयोजकत्वमा उपसमिति बनाएर अध्ययन गरी निर्देशन दिइसकेको अवस्था हो । त्यसवेला म पनि लेखा समिति सदस्य थिएँ । निकै छलफल र अध्ययनपछि निर्देशन दिइएको थियो । त्यो निर्णय ठिक छ भनेर अन्य अध्ययन तथा सरकारी निकायका निर्णयले पनि पुष्टि गरिसकेका छन् ।

दुई–दुईवटा मन्त्रिपरिषद्ले गरेको निर्णय पनि लेखा समितिकै निर्देशनसँग मिल्छन् । यसअघि केपी शर्मा ओली प्रधानमन्त्री हुँदा १९ साउन ०७७ को मन्त्रिपरिषद्ले माघ ०७२ देखि वैशाख ०७५ सम्मको महसुल उठाउनुपर्ने निर्णय गरेको थियो । फागुन ०७६ मा तत्कालीन ऊर्जासचिव दिनेश घिमिरेको संयोजकत्वमा एक समिति बनाइएको थियो । त्यो समितिले माघ ०७२ देखि वैशाख ०७५ सम्मको महसुल उठाउन सिफारिस गरेको थियो । अन्य अवधिका हकमा भने विद्युत् नियमन आयोगलाई निर्णय गर्न भनिएको थियो । सोही प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय १९ साउन ०७७ मा तत्कालीन मन्त्रिपरिषद्ले गरेको थियो ।

'ट्रंक लाइन तथा डेडिकेटेड फिडरबाट आपूर्ति भइरहेको विद्युत् उपभोगकर्ता उद्योगी व्यवसायी र प्राधिकरणबीच देखिएको विवादलगायत समस्याको समाधान मन्त्रालय र मातहतका निकायबाट समन्वयात्मक रूपमा गर्ने गरी प्रतिवेदन कार्यान्वयन गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई निर्देशन दिने' १९ साउन ०७७ को मन्त्रिपरिषद्को निर्णयको बुँदा नम्बर १७ मा उल्लेख छ । त्यो निर्णयले पनि तत्कालीन समयमा लेखा समितिले गरेको निर्णय ठिक छ भन्ने पुष्टि गर्छ । २७ वैशाख ०८१ मा प्रचण्ड नेतृत्वको सरकारले पनि यही प्रकृतिको निर्णय गरेको छ ।

केही उद्योगी प्राधिकरणविरूद्ध अदालत पनि जानुभयो । अदालतले पनि समितिकै निर्णयअनुरूप आदेश दिएको देखिन्छ । विभिन्न निकायबाट समान खालकै निर्णय भएका हुनाले त्यसवेला लेखा समितिले गरेको निर्णय पनि ठिक भएको पुष्टि हुन्छ । अहिले आएर लेखा समितिले यसबारे पुनः अध्ययन गर्छौं भन्नु संसदीय अभ्यासको विपरीत हो । पहिलाको संसद्ले बनाएको कानुन हो भन्दैमा अहिलेको संसद्ले कानुन मान्दैनौँ भन्न मिल्दैन । यस्तो भन्नु आफैँमा एउटा कुतर्क हो ।

लेखा समितिले पनि प्रतिनिधिसभाकै तर्फबाट काम गर्ने हो । त्यसैले यसलाई मिनी पार्लियामेन्ट भन्ने चलन छ । त्यसको प्रतिवेदन संसद्बाट स्वतः अनुमोदन भएको मानिन्छ । अहिले आएर लेखा समितिको पुरानो निर्णयलाई चुनौती दिनु भनेको प्रतिनिधिसभाको अनुमोदित निर्णयलाई पनि चुनौती दिनु हो ।

लेखा समितिले गर्नुपर्ने काममा भने ध्यान दिएको छैन । समितिमा आउने उजुरी तथा ध्यानाकर्षणमा कुनै काम भएको देखिन्न । महालेखाको प्रतिवेदन, विभिन्न अनियमितताका घटनामा पनि समितिको ध्यान गएको देखिन्न । वास्तवमा पछिल्लो समय समितिले गर्नुपर्ने काममा ध्यान पुर्‍याएको छैन ।

आर्थिक अनुशासन कायम गराउनु समितिकै दायित्व हो । नेपालमा आर्थिक अनुशासन कायम गराउने प्रयास फितलो हुँदै गएको छ । तैपनि, समितिले यस्ता विषयमा ध्यान नदिँदा आर्थिक अनियमिततालाई बढावा दिएकोजस्तो भइरहेको छ । समितिले त्यसतर्फ ध्यान नदिएर यसअघि नै निर्देशन दिइसकिएको विषयलाई उब्जाएको छ । यसमा नियत खराब भएको शंका छ । नीति र नियत फरक विषय हुन् । नीति देखिन्छ, नियत देखिन्न । नियत के हो ? मैले बुझेको छैन । तर, यो विषयमा जे भइरहेको छ, त्यो गलत भइरहेको छ ।

लेखा समितिले कुनै कार्यकालमा गरेको निर्णयलाई चुनौती दिँदै अर्कै निर्णय गर्छु भन्नु संसदीय व्यवस्था नबुझेकाहरूको कुतर्क मात्रै हो । अहिलेका सांसदले म संविधानसभा सदस्य थिइनँ, त्यसैले ०७२ को संविधान मान्दिनँ भन्न मिल्दैन । त्यो त एउटा निकाय र संस्थाले गरेको निर्णय हो, व्यक्तिले गरेको होइन । लेखा समितिमा पनि सोही सिद्धान्त लागू हुन्छ । पहिला पनि समितिले निर्णय गरेको हो, कुनै व्यक्तिले होइन । तसर्थ, समितिले पहिला गरेको निर्णय अहिले आएका नेतृत्वले मान्दिनँ भन्न मिल्दैन । अहिले लेखा समितिले गरेको निर्णय पनि भोलिका दिनमा आउने अन्य नेतृत्वले पनि मान्दिनँ भन्न मिल्दैन ।

लेखा समितिले अहिले विश्वव्यापी अभ्यासअनुसार काम गर्न सकेको छैन । कुनै पनि संसदीय समितिको सभापतिमा प्रतिपक्षी दलका सांसद हुनुपर्ने अभ्यास छ । तर, अहिले लेखा समितिलगायत समितिमा सत्तापक्षकै सांसद सभापति छन् । सन्तुलित रूपमा सरकार सञ्चालन गर्न संसदीय समितिको सभापति प्रतिपक्षकै सांसदलाई दिइन्छ । त्यो भएपछि सरकारका अनियमितता तथा कमी–कमजोरी संसदीय समितिले औँल्याउन सक्छन् । तर, समितिमा सत्तापक्षकै सभापति हुँदा त्यस्ता विषयवस्तु ढाकछोप हुन सक्छन् । तसर्थ, सही ढंगले सरकार सञ्चालन गर्न संसदीय समितिको सभापतिमा प्रतिपक्षी सांसद नै राख्ने विश्वव्यापी अभ्यास हो, नीतिगत व्यवस्था होइन । तर, यसमा नीतिभन्दा पनि परम्परा नै महत्वपूर्ण हुन्छ ।

बेलायतमा लिखित कानुन छैन, पराम्पराले चलेको छ । तसर्थ, यसमा नीतिभन्दा पनि परम्परा महत्वपूर्ण छ । तर, अहिले लेखा समितिमा सत्तापक्षकै सांसद (ऋषिकेश पोखरेल/एमाले) सभापति हुनुहुन्छ । संसदीय समितिका सभापति प्रतिपक्षको दलका सांसद हुनुपर्छ । यसमा कानुनीभन्दा पनि नैतिक प्रश्न उठ्छ । तसर्थ, यसमा स्वविवेकले निर्णय गर्नुपर्छ । सम्बन्धित राजनीतिक दल र व्यक्तिहरूले नैतिकताको पालना गर्नुपर्छ र संसदीय समितिको सभापति विपक्षी दलका सांसदलाई नै बनाउनुपर्छ । नेपालमा पनि यस्तो समितिको सभापति प्रतिपक्षकै दलकै सांसद राख्ने अभ्यास छ । तर, छिटोछिटो सरकार परिवर्तन हुँदा त्यसको उल्लंघन भएको हो । राज्य संविधानले नै चल्छ । तर, देश संविधानले मात्रै चल्दैन । त्यसमा पराम्परालगायत पक्षले पनि महत्व राख्छन् । तसर्थ, पराम्परा र संसदीय अभ्यासको आधारमा लेखा समितिलगायत संसदीय समितिका सभापतिमा विपक्षी दलका सांसद आउनुपर्छ ।

बेरूजु छुटको निर्णय गर्ने अधिकार लेखा समितिमा मात्रै छ । तत्कालीन मन्त्रिपरिषद्ले के आधारमा छुट दियो भनेर प्रश्न गरिरहेका छन् । यसअघि भरत शाह सभापति हुँदा संपरीक्षण गर्ने अधिकार लेखा समितिको हो भनेर निर्णय भयो, जुन गलत भयो । व्यवस्थापिकाले बजेट पास गर्ने र सम्बन्धित निकायले खर्च गरेपछि महालेखा परीक्षकको कार्यालयले लेखा परीक्षण गर्ने हो । त्यसको संपरीक्षण पनि महालेखाले नै गर्नुपर्छ । त्यसको विस्तृत दस्ताबेज महालेखा परीक्षकको कार्यालयमै हुने भएकाले संपरीक्षणको काम पनि उसैले गर्ने परम्परा हो । र, उसले नै गर्न पाउनुपर्छ । तसर्थ, संपरीक्षण गर्ने अधिकार लेखा समितिको हो भनेर निर्णय गर्नु अव्यावहारिक छ । त्यसले कार्यकारी निकायमाथि अंकुश लागेको छ । लेखा समितिकै निर्णयले उनीहरूको कार्यकारी अधिकार पनि हनन भएको छ । तसर्थ, त्यो निर्णयमा पुनर्विचार गर्न आवश्यक छ ।

**वद्युत् महसुल बक्यौताको विषयमा लेखा समितिले यसअघि नै निर्णय गरेर निर्देशन दिइसकेको हुनाले यसमा अब पुनः अध्ययन अगाडि बढाउनुहुँदैन। लेखा समिति भनेको संस्था हो  संस्थाले यसअघि नै निर्णय गरेर निर्देशन दिइसकेको छ। कुनै व्यक्तिको चाहनामा संस्थाको विगतको निर्णयको विपरीत जान हुँदैन।**

कहिले काहीँ सवैधानिक निकाय र लेखा समितिबीच पनि मतभिन्नता हुन सक्छ । यस्तो वेला सभामुखले प्रेरणादायी र निष्पक्ष भूमिका खेल्नुपर्छ । एकपटक महालेखाको प्रतिवेदनमै उल्लेख भएको सूर्य टोबाकोको बेरूजु असुल हुनुपर्छ भनेर लेखा समितिबाट निर्णय गरियो । त्यसवेला म समितिको सभापति थिएँ । तर, सो कम्पनीले सर्वोच्च अदालतमा गएर बेरूजु तिर्न नपर्ने फैसला गरायो । त्यसपछि हामी तत्कालीन सभामुखसँग सल्लाह गरेर पुनरावलोकनमा गयौँ । त्यसपछि पूर्ण इजलासले लेखा समिति र महालेखाको प्रतिवेदनअनुसार नै बक्यौता उठाउन भन्यो, र बेरूजु उठ्यो पनि ।

अत्यमा, विद्युत् महसुल बक्यौताको विषयमा लेखा समितिले यसअघि नै निर्णय गरेर निर्देशन दिइसकेको हुनाले यसमा अब पुनः अध्ययन अगाडि बढाउनुहुँदैन । लेखा समिति भनेको संस्था हो । संस्थाले यसअघि नै निर्णय गरेर निर्देशन दिइसकेको छ । कुनै व्यक्तिको चाहनामा संस्थाको विगतको निर्णयको विपरीत जान हुँदैन । बरू, समितिले आफ्नो निर्देशन कार्यान्वयन भए–नभएको अनुगमन तथा ताकेता गर्न सकेन । पहिला बक्यौता उठाउन निर्देशन दिइएको थियो, त्यो उठ्यो कि उठेन ? कति उद्योगले पैसा तिरे ? त्यसको प्रगति के छ ? भन्ने विषयमा चाहिँ समितिले अनुगमन तथा ताकेता गर्न सक्छ । त्यो संस्थागत अधिकार पनि हो । लेखा समितिले मात्र होइन, दुई–दुईवटा मन्त्रिपरिषद्ले निर्णय गरेको, सर्वोच्च अदालतले समेत फैसला गरिसकेको र केही मुद्दा अझै विचाराधीन रहेको अवस्थामा फेरि त्यही विषयमा अध्ययन गर्न खोज्नु गलत हो । *(नयाँ पत्रिका)*




# ऊर्जा क्षेत्रको विकासका लागि **पूर्वमन्त्रीहरूसँग छलफल**



काठमाडौं । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले मुलुकको ऊर्जा क्षेत्रको विकासका लागि पूर्वऊर्जामन्त्रीहरूसँग छलफल गरेका छन् । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा आज भएको भेटमा पूर्वमन्त्रीहरूले मुलुकको ऊर्जा क्षेत्रको विकासमा सबै राजनीतिक दलले एउटै धारणा बनाएर अगाडि बढ्नुपर्ने बताए ।

छलफलमा ऊर्जामन्त्री खड्काले सरकारले १० वर्षमा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएकाले यसलाई पूरा गर्न पूर्वमन्त्रीको आवश्यक राय र सुझाव आवश्यक रहेको बताए । 'मुलुकले सबैभन्दा ठूलो आयस्रोतका रूपमा ऊर्जा क्षेत्रलाई लिएको छ, यसलाई कसरी अगाडि बढाउन सकिन्छ, यहाँहरूजस्ता पूर्वमन्त्रीको अनुभव, राय र सल्लाह मन्त्रालयलाई आवश्यक पर्छ,' उनले भने ।

मन्त्री खड्काले बुढीगण्डकी, दुधकोशी, नलगाड, फुकोट कर्णाली, पञ्चेश्वर, माथिल्लो अरूण जलविद्युत् आयोजनाजस्ता आयोजनालाई लगानी कसरी जुटाएर अगाडि बढाउन सकिन्छ, उच्च क्षमताको विद्युत् प्रसारणलाइन निर्माण र विस्तारमा निजी क्षेत्रलाई कसरी आकर्षण गर्न सकिन्छ भन्नेबारे पूर्वमन्त्रीको राय-सुझाव मागेका थिए । यस्तै, छिमेकी मुलुक भारत, चीन र बंगलादेशसँग विद्युत् व्यापारमा सन्तुलन कायम गर्ने र अधिकतम लाभ लिने विषय, विद्युत् निर्यातमा भारत, चीनबाहेक अन्य मित्रराष्ट्रसँगको लगानीका लागि सम्भावनाका विषय, संसद्मा दर्ता भएको विद्युत् विधेयकसम्बन्धी विषयलाई अगाडि बढाउनेबारे छलफल गरेका थिए । त्यस्तै, छलफलमा पूर्वमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले मुलुकको समृद्धिको क्षेत्र जलस्रोत क्षेत्र भएकाले यसलाई अधिकतम प्रयोग गरेर देशले फाइदा लिनुपर्ने बताए ।

पूर्वमन्त्री डा. प्रकाशशरण महतले विद्युत् उत्पादनसँगै प्रसारणलाइनको विकासलाई समेत प्राथमिकता दिनुपर्ने बताए । पूर्वमन्त्री जनार्दन शर्माले प्रसारणलाइन निर्माणको जिम्मा निजी क्षेत्रलाई दिनुपर्ने बताए । पूर्वमन्त्री वर्षमान पुनले मुलुकको राष्ट्रिय प्राथमिकता ऊर्जा क्षेत्र भएकाले ऊर्जा विकासमा सबै पार्टीको एउटै धारणा हुनुपर्ने बताए । उनले ऊर्जा क्षेत्रको विकासका लागि आवश्यक नीतिलाई ग्यारेन्टी गरेर अगाडि बढ्नुपर्ने उल्लेख गरे ।

पूर्वमन्त्री शक्तिबहादुर बस्नेतले मुलुकको ऊर्जा क्षेत्रको विकासका लागि मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण र विद्युत् विकास विभागबीच समन्वय आवश्यक रहेको बताए । त्यसैगरी, पूर्वमन्त्री गोकर्ण विष्टले मुलुकमा ऊर्जा सन्तुलनका लागि जलाशययुक्त आयोजनालाई अगाडि बढाउनुपर्ने बताए । पूर्वमन्त्री महेन्द्रबहादुर शाहीले निजी क्षेत्रलाई ऊर्जा क्षेत्रमा आकर्षण गर्न जरुरी रहेको उल्लेख गरे ।

# साउनमा चार अर्ब १९ करोडको बिजुली निर्यात

काठमाडौं । चालू आर्थिक वर्ष ०८१/८२ को पहिलो महिनामा चार अर्ब १९ करोड रूपैयाँको विद्युत् भारततर्फ निर्यात भएको छ । नेपाल विद्युत् प्राधिकरणले साउनमा देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गरी चार अर्ब १९ करोड ३९ लाख २४ हजार रूपैयाँ आम्दानी गरेको जनाएको हो । साउनमा दैनिक रूपमा १३ करोड ११ लाख रूपैयाँको विद्युत् निर्यात गरिएको प्राधिकरणबाट प्राप्त तथ्यांकले देखाएको छ ।

भारतसँगको विद्युत् व्यापार भारतीय रूपैयाँ (भारू)मा हुने गरेको छ । त्यसैले साउन महिनामा विद्युत् बिक्रीबाट दुई अर्ब ६२ करोड १२ लाख तीन हजार भारू आम्दानी भएको छ । साउनमा निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट आठ रूपैयाँ ५१ पैसा रहेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आठ वर्षअघिसम्म वर्षायाममा दैनिक आठ-नौ घण्टा र सुक्खायाममा १८ घण्टासम्मको लोडसेडिङ व्यहोर्नुपर्ने अवस्थाको अन्त्य भई हाल वर्षायामका महिनाहरूमा देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् दैनिक रूपमा सात सय मेगावाटभन्दा बढी निर्यात गर्ने अवस्थामा आइपुगेको बताए । प्राकृतिक र प्राविधिक कारणले यदाकदा केही क्षण बत्ती जाने आउने गरे तापनि अहिले मागअनुसार विद्युत् आपूर्ति गर्न नसकेर लोडसेडिङ गर्नुपर्ने अवस्था नरहेको उनले बताए । 'पहिलो प्राथमिकता देशभित्रको विद्युत् खपत बढाउने नै हो । खपत बढाउन प्रसारण र वितरण प्रणाली सुधार तथा विस्तारका कार्यहरू अभियानकै रूपमा कार्यान्वयनमा लगिएको छ,' उनले भने, 'आन्तरिक रूपमा खपत गरी अतिरिक्त भएको विद्युत् छिमेकी देश भारत र बंगलादेशलाई निर्यात गरिन्छ ।' घिसिङले वर्षायाममा भारततर्फ विद्युत् निर्यात गरी उल्लेख्य विदेशी मुद्रा आर्जन हुँदा देशको विदेशी मुद्रा सञ्चिति एवं नेपाल र भारतबीचको व्यापार घाटा कम गर्नमा समेत सकारात्मक योगदान पुगिरहेको बताए । 'हिउँदयाममा केही महिना अझै विद्युत् आयात गर्नुपरे तापनि आयातको परिमाण क्रमशः घट्दै जानेछ । गत आवबाट देशभित्र खपत गरी बढी भएको विद्युत् भारतीय बजारमा बिक्री गरी खुद आयातकर्ताबाट खुद निर्यातकर्ता बनिसकेका छौं,' उनले भने ।

नेपालले सन् १९७१ देखि भारतबाट विद्युत् आयात गर्न सुरु गरेको थियो । भारतमा विद्युत् निर्यात भने सन् १९७२ देखि सुरु भएको थियो । नेपाल र भारतबीच व्यावसायिक रूपमा विद्युत् आदानप्रदान भने ०७८ यता मात्रै भएको हो । व्यावसायिक रूपमा सुरू भएको अन्तरदेशीय विद्युत् व्यापारमा तीन वर्षमा नेपाल खुद निर्यातकर्ता भएको हो । नेपालमा नदी प्रवाहमा आधारित जलविद्युत् परियोजना धेरै छन् । त्यसले गर्दा बर्खामा बढी उत्पादन भई विद्युत् निर्यात गर्न पुग्छ ।

भारतसँगको विद्युत् व्यापारमा प्राधिकरण गत आवदेखि खुद निर्यातकर्ता बनेको छ । गत आवमा १६ अर्ब ९३ करोड रूपैयाँको विद्युत् आयात गरेको थियो । निर्यात भने १७ अर्ब ६ करोड रूपैयाँको भएको थियो । त्योअनुसार गत आवमा आयातभन्दा १३ करोड रूपैयाँभन्दा बढीको विद्युत् निर्यात भएको थियो । प्राधिकरणले यो वर्ष २५ अर्ब रूपैयाँभन्दा बढीको विद्युत् निर्यात गर्ने लक्ष्य लिएको छ । प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स)को डेअहेड तथा रियल टाइम मार्केटमा प्रतिस्पर्धी दरमा र द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौताबमोजिम भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लिमिटेड (एनभिभिएन)लाई बिक्री गरिरहेको छ ।

प्राधिकरणले हालसम्म प्रतिस्पर्धी बजार र मध्यकालीन विद्युत् बिक्री सम्झौताबमोजिम भारतीय बजारमा २८ वटा आयोजनाबाट उत्पादित नौ सय ४१ मेगावाट विद्युत् बिक्री गर्न स्वीकृति पाएको छ ।

## देउवालाई...

साथमा लिएर सत्ताको नेतृत्व गर्दै आएका दाहाल अहिले आफैँ पार्टीभित्र पनि विवादको घेरामा पर्दै आएका छन् । करिब झण्डै ४० वर्षसम्म पार्टीको अध्यक्ष भएर पार्टीभित्र एकछत्र राज चलाउँदै आएका दाहाललाई अहिले आफ्नै पार्टीभित्रका नेता कार्यकर्ताहरूलाई एकै ठाउँमा राखिराख्न हम्मे हम्मे परेको छ ।

२०८४ सालको निर्वाचनमा एक्लै बहुमत ल्याउने हुँकार दाहालले गर्दै आएका भएपनि त्यसलाई पत्याउन सकिने कुनै अधारहरू देखिएका छैनन् । २०७९ मंसिर ४ गते भएको निर्वाचनमा दाहालले नेपाली कांग्रेस, एकीकृत समाजवादी, जसपा नेपाल, राष्ट्रिय जनमोर्चा सहितका पार्टीहरूसँग गठबन्धन गरेका थिए ।

कांग्रेससहितका गठबन्धनमा जाँदा त उनको पार्टीले प्रत्यक्षतर्फ जम्मा १८ सिट जित हाँसिल गरेको थियो भने अब २०८४ को निर्वाचनमा एक्लाएक्लै निर्वाचनमा जाँदा माओवादीले कति सिटमा जित हाँसिल गर्ला ? देउवालाई ढोक्सामा पार्ने रणनीतिक उदेश्यका साथ दाहाल ओलीलाई गाली गर्नेमा अहिले व्यस्त रहेका छन् । सत्ताबाट बाहिरिएपछि उनले आफूलाई पटक पटक कांग्रेस एमालेले धोका दिएको बताउँदै आएका भएपनि वास्तवमा उनैले कांग्रेस-एमालेलाई पटक पटक धोका दिँदै आएका छन् । अरूलाई धोका दिएको आरोप लगाउने दाहालले आफूले अरूलाई दिएको धोका नदेख्ने तर आफूलाई धोका दिएको देख्नु आफ्नो आङको भैँसी नदेख्नु अरूको आङको जुम्रा देख्नु सरह हो ।

पछिल्लो समयमा उनी नेकपा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी ओलीका विरूद्ध ज्यानै छोडेर लागेका छन् । ओलीले आफूलाई पटक पटक धोका दिएको बताउँदै आएका दाहाल नेपाली कांग्रेस र त्यसका सभापति शेरबहादुर देउवाप्रति भने नरम देखिएका छन् । त्यसको एउटै कारण हो फेरी देउवालाई आफ्नो ढोक्सामा पार्न सकिन्छ कि भन्ने । कांग्रेसले अब पुष्पकमल दाहाललाई चरित्रलाई राम्ररी बुझेको छ ।

निर्वाचनका बेला आफूँले नै सहयोग गरेर १८ सिटको माओवादीले निर्वाचनको परिणाम आउने बित्तिकै आफूलाई धोका दिएर प्रधानमन्त्री बन्नका लागि दाहाल नेकपा एमालेको शरणमा पुगेर प्रधानमन्त्री बनेका थिए । राजनीतिमा पटक पटक अरूलाई धोका दिँदै आएका दाहाललाई अब कांग्रेस र एमालेले विश्वास गर्न सक्ने वातावरण नभएपछि उनी नयाँ नयाँ ढोक्सा थाप्ने रणनीतिमा रहेका भएपनि ती सबै निरर्थक सावित हुने निश्चित छ ।

खेलकुद

# नेपाललाई हराउँदै बंगलादेशले **जित्यो यू-२० साफ उपाधि**, उपाधि सहिदप्रति समर्पित जित




बंगलादेशले साफ यू-२० च्याम्पियनसिप फुटबलको उपाधि जितेलगत्तै प्रशिक्षक मरूफुल हकले सुरुमै भनेको ठ्याक्कै यही हो, 'यो सफलता हामी हाम्रो देशमा भएको विद्यार्थी आन्दोलनमा सहिद भएकाप्रति समर्पित गर्न चाहन्छौं'

सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा नेपालमाथि भएको फाइनलको जित सोँच्चै असाध्यै प्रभावशाली रह्यो । बंगलादेशी खेलाडीको प्रदर्शन परिवक्व थियो । यो त व्यावसायिक खेलाडीको उच्च प्रदर्शन जस्तै रह्यो । त्यसैले उपाधिका लागि बंगलादेश पूर्णतः हकदार बन्यो । यसको ठीक विपरीत नेपालको रणनीतिक कहिले पनि कार्यान्वयनमा देखिएन । भलै, नेपालले सुरुमा केही राम्रा आक्रमण पनि बुनेकै थियो । पहिलो हाफको अन्त्यमा के एक गोल खायो, टिम दबाबमा आयो ।

त्यसैले नेपाली टोलीका प्रशिक्षक उर्जन श्रेष्ठले ठीकै भने, 'हामीसामु आफ्नै मैदानमा उपाधि जित्ने निकै राम्रो अवसर थियो । तर, त्यसमा हामी नराम्रोसँग चुक्यौं । यस्तो अवसर दोहोऱ्याएर आउने गर्दैन । बंगलादेशले एक गोल गरेपछि हाम्रा सबै योजना फिक्का रहे । त्यसैले म नेपाली फुटबल समर्थकमाझ माफी माग्न चाहन्छु । दोस्रो हाफमा हामीमाथि गोल फर्काउने दबाब रह्यो ।'

प्रशिक्षक श्रेष्ठको तर्क थियो, खेलाडीले गोल गर्नमै बढी ध्यान केन्द्रित गरे, तर आफ्नो खास भूमिका र जिम्मेवारी के हो, त्यो भने बिर्सिए । यस्तोमा उपाधि जित्ने अवसर गुम्यो । त्यसमै लय मिलाउँदै कप्तान कुशल देउवाले भने, 'हामी खेलाडी पनि नेपाली फुटबल समर्थकसँग माफी माग्न चाहन्छौं । नतिजा साह्रै निराशाजनक रह्यो ।'

यो नतिजाले दक्षिण एसियाली फुटबलमा एउटा भाष्य भने तयार भएको छ । बंगलादेशी फुटबलका लागि नेपाल अधिकांश समय भाग्यमानी रहने गर्छ । जति-जति बेला फाइनलमा बंगलादेशले नेपालको सामना गर्दा, प्रायः जित पाइना टिमकै हुन्छ । चाहे त्यो सन् १९९९ को दक्षिण एसियाली खेलकुदको पुरुष फाइनल होस् वा सन् २०२२ को वुमन्स साफ च्याम्पियनसिप । अब साफ यू-२० च्याम्पियनसिप । बंगलादेशले यो उमेर समूहको दक्षिण एसियाली फुटबल उपाधि जितेको भने यो पहिलो पटक हो ।

नेपालले सुरुमा आक्रमक भएर प्रस्तुत भएको थियो । यसक्रममा केही राम्रो अवसर पनि बनेको हो । खेलको नवौं मिनेटमा नीराजन धामीको लामो प्रहार बंगलादेशी गोलरक्षक मोहम्मद आसिफले बल्लतल्ल बचाए । अझ खेलको २१ औं मिनेटमा नीराजनकै पासलाई अविनाश स्याङ्तानले पोस्टको दिशा दिन सकेनन् । नत्र यो गोल हुने स्थिति थियो । आखिरमा यी सबै चुक नेपालका लागि महँगो साबित भयो ।

प्रशिक्षक श्रेष्ठको पनि भनाइ थियो, 'सम्भवतः त्यसमध्ये कुनै एक गोलमा परिणत भए खेलको कथा बेग्लै हुने थियो ।' तर खेलको कथा त्यस्तो लेखिएकै थिएन । खेलको निर्णायक मोड त्यतिबेला आयो, जतिबेला नीरज कार्कीले पूर्णतः हेलचेक्र्याइँले भरिएको भुल गरे र बंगलादेशलाई फ्रि-किकको अवसर दिए । त्यो पनि बक्सको ठीकबाहिर । समय पहिलो हाफ सकिएर इन्ज्युरी समय हुनेक्रममै थियो ।

मिराजुल इस्लामले व्यक्तिगत कौशलता देखाउँदै बल मैदानको दायाँबाट अगाडि बढाउँदै थिए, नीरजले उनलाई लडाए । त्यो पनि पछाडिबाट । उनलाई आफूले गरेको त्यो भुलमा सधैं अपसोच रहनेछ र आफ्नो गल्तीलाई कहिल्यै बिर्सन सक्ने छैनन् । यो माफीयोग्य पनि छैन । प्रशिक्षक श्रेष्ठले माने, यो शतप्रतिशत अनावश्यक फाउल थियो । त्यसमै मिराजुलले उत्कृष्ट प्रहार गरे । उनको प्रहार सुरुमा पोस्टमा लागेको थियो र त्यही क्रममा बलले पोस्टभित्रको बाटो पनि लियो । त्यसपछि त बंगलादेश पछाडि फर्केर हेर्नुपरेन ।

मिराजुल त्यतिकैमा मात्र रोकिएनन् । थप उनले एक गोल गरे र अर्को एक गोलमा अवसर सिर्जना गरे । उनलाई बंगलादेशी फुटबलको भविष्य मानिएको छ । यस्तो किन रह्यो भन्ने तथ्य उनले मैदानमा खुलस्त पारे । बीएफएफ एकेडेमी फुटबलबाट अगाडि आएका मिराजुल एक वर्षअघि बंगलादेशी दोस्रो डिभिजनमा उच्च गोलकर्ता थिए । गत सिजन खेलाडी लिलामीमा उनलाई ब्रदर्स युनियनले किनेको थियो । अबको सिजन अबाहमीबाट खेल्नेछन् ।

उनले अहिलेको प्रतियोगितामा ४ गोल गरे । त्यसैले उच्च गोलकर्ता पनि रहे । त्यतिमात्र होइन, उनी प्रतियोगिताकै उत्कृष्ट खेलाडी पनि घोषित भए । फाइनलमा मिराजुलको दोस्रो गोल भने सहज रह्यो । खेलको ५५ औं मिनेटमा असादुल मोल्लाले हेड गर्दै सिर्जना गरेको अवसरमा 'प्वाइन्ट ब्ल्याङ्क रेन्ज' बाट हे गरे । तेस्रो गोल भने रवि हुसेन राहुलले ७१ औं मिनेटमा गोल गरे । मिराजुलले निकालेको पासमा रविले पेनाल्टी एरियाबाट सटिक प्रहार गर्दै आकर्षक गोल गरे ।

नेपालले ८१ औं मिनेटमा एक गोल फर्कायो । त्यो समीर तामाङको नाममा रह्यो । बंगलादेशले राम्रोसँग क्लियर गर्न नसकेका बेला बल ठ्याक्कै उनको अगाडि झरेको थियो र त्यसमै हेड गरे, बलले विस्तारै पोस्टको बाटो तय गऱ्यो । दोस्रो हाफमा १० मिनेट इन्ज्युरी समय थपियो । त्यसको छैटौं मिनेटमा मोहम्मद नोभाले बंगलादेशका लागि चौथो गोल गरे । रविको पासमा उनले यो गोल गरेका थिए ।

## कर्पोरेट

### ● ग्लोबल आइएमई र आध्यान्त फन्डबिच सम्झौता

ग्लोबल आइएमई बैंक र आध्यान्त फन्ड म्यानेजमेन्ट लिमिटेडबिच साना तथा मझौला कर्जाको क्षेत्रमा वित्तीय पहुँच र लगानी विस्तार गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । उक्त समझदारीपत्रमा बैंकका साना, मझौला तथा खुद्रा कर्जा प्रवर्द्धन विभागका प्रमुख चित्रकुमार चालिसे तथा आध्यान्त फन्ड म्यानेजमेन्ट लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सन्तोष थापाले हस्ताक्षर गरेका हुन् । बैंक र आध्यान्तबिचको सहकार्यले उद्यमीलाई विभिन्न प्रकारका तालिम तथा वित्तीय पहुँच सहज बनाउँदै मुलुकको अर्थतन्त्रमा टेवा पुऱ्याउने विश्वास लिइएको छ । आध्यान्त फन्ड म्यानेजमेन्टको साना तथा मझौला क्षेत्रमा रहेको अनुभवलाई उपयोग गरी यस क्षेत्रका उद्यमीको व्यापार–व्यवसाय विस्तार र उद्यमशीलताको पहुँच विस्तार गर्दै बैंकले साना तथा मझौला क्षेत्रमा कर्जा प्रवाह गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

### ● नेसनल लाइफको १४ प्रतिशत लाभांश पारित

नेसनल लाइफ इन्स्योरेन्सले १४ प्रतिशत लाभांश पारित गरेको छ । कम्पनीको ३६औं वार्षिक साधारणसभाले गत आवसम्म कायम चुक्ता पुँजीको १० प्रतिशतका दरले हुन आउने ५० करोड ११ लाख ६६ हजारबराबरको नगद लाभांश र ४ प्रतिशतका दरले २० करोड चार लाख ६६ हजार रुपैयाँबराबरको बोनस सेयर (करबाहेक)को प्रस्ताव पारित गरेको हो । ४ प्रतिशत बोनस सेयर थपिएपछि कम्पनीको चुक्ता पुँजी पाँच अर्ब २१ करोड २१ लाख नाघ्ने कम्पनीले जनाएको छ । सभामा कम्पनीकी अध्यक्ष प्रेमाराज्यलक्ष्मी सिंहले अघिल्लो आर्थिक वर्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक परिदृश्यहरू धेरै उत्साहप्रद नरहेकाले बढ्दो ब्याजदर, लगानीमा प्रतिकूल प्रभाव र पुँजीगत खर्च एवं समग्र मागमा आएको कमीले अर्थतन्त्रमा प्रभाव पारेको बताइन् । आव ०७९/८० मा जीवन बिमा व्यवसाय आशातीत रूपमा विस्तार हुन नसके पनि आव ०८०/८१ मा जीवन बिमा व्यवसायले सुधारको बाटो तय गरेको उल्लेख गरिन् ।

साथै, कम्पनीले लगानी विविधीकरण गर्ने क्रममा आगामी दिनमा आफ्नो स्वामित्वमा जग्गा रहेका शाखाहरूमा व्यापारिक भवन निर्माण गर्ने र स्थिर सम्पत्तिमा थप लगानी गर्दै जाने नीति अवलम्बन गरेको कम्पनीले जनाएको छ । साथै, कम्पनीले नेसनल क्यापिटल लिमिटेड नामक सहायक कम्पनीको स्थापना गरी सञ्चालनको प्रक्रिया अघि बढाएको पनि जनाएको छ ।

### ● एनआइसी एसिया क्यापिटलको नगद लाभांश

एनआइसी एसिया क्यापिटलले ५२.५३ प्रतिशत लाभांश वितरणको प्रस्ताव पारित गरेको छ । मंगलबार सम्पन्न संस्थाको वार्षिक साधारणसभाबाट चुक्ता पुँजीको ५२.५३ प्रतिशत (करसहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित भएको हो ।

त्यस्तै, सभाले आर्थिक वर्ष ०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्नुका साथै ०८१ आषाढ मसान्तसम्मको वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरणलगायत वार्षिक वित्तीय विवरणउपर छलफल गरी पारित गरेको छ । सभामा सञ्चालक समिति अध्यक्ष सन्तोषकुमार राठीले रू.२० करोड चुक्ता पुँजी भएको संस्थाले समीक्षा अवधिमा रू. ३० करोडभन्दा बढी आम्दानी गरी रू. १२ करोड १६ लाखभन्दा बढी खुद मुनाफा आर्जन गर्न सफल भएको जानकारी गराए ।

त्यसैगरी, म्युचुअल फन्ड सेवाअन्तर्गत पाँचवटा बन्दमुखी र एउटा खुलामुखी योजना गरी ६ वटा योजनामार्फत रू. ५ अर्ब ५२ करोडभन्दा बढी रकम व्यवस्थापन गरेको पनि राठीले सभामा जानकारी दिए । हाल संस्थाले रू. २ अर्ब ११ करोडभन्दा बढीको रकम व्यवस्थापन गरेको छ भने सेयर रजिस्ट्रार सेवाअन्तर्गत २४ वटा कम्पनीलाई सेवा उपलब्ध गराइरहेको बताइएको छ ।

### ● धनगढी उपमहानगरलाई कृषि विकासको सहयोग

कृषि विकास बैंकको धनगढी शाखाले धनगढी उपमहानगरपालिकालाई पाँच लाख रूपैयाँबराबरको आर्थिक सहयोग गरेको छ । सो आर्थिक सहयोगबाट उपमहानगरपालिकाअन्तर्गतका विभिन्न सरकारी विद्यालयमा अध्ययनरत झन्डै एक सयजति विपन्न बालबालिकालाई स्कुल ब्यागलगायतका विविध शैक्षिक सामग्री खरिद गरिने बताइएको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) गोविन्द गुरुङले एक कार्यक्रमबीच सो सहयोग रकमको चेक उपमहानगरपालिकाका मेयर गोपाल हमाललाई हस्तान्तरण गरे । कार्यक्रममा सिइओ गुरुङले बैंकले व्यावसायिक गतिविधि सँगसँगै सामाजिक उत्तरदायित्वअन्तर्गत शिक्षा, स्वास्थ्य, वातावरण तथा सांस्कृतिक संरक्षणसम्बन्धी परोपकारी कार्य गर्दै आइरहेको बताए । आगामी दिनमा सम्पूर्ण बैंकिङ सुविधासहितको घरआँगनको बैंकका रूपमा यस्ता कार्यक्रमलाई निरन्तरता दिने पनि बताए ।

### ● कुमारी बैंक र इसेवाबीच 'इजी लोन' सुविधाका लागि सम्झौता

कुमारी बैंक लिमिटेड र इसेवा लिमिटेडबीच इसेवाका ग्राहकहरूलाई इसेवा मोबाइल एपमार्फत इजी लोन सुविधा प्रदान गर्ने सम्झौता भएको छ ।

कुमारी बैंकसँगको सम्झौतामा इसेवाले आफ्ना इसेवा एजेन्टहरूलाई व्यवसाय वृद्धिको लागि विना कुनै धितो, कागजी प्रक्रिया वा लामो झन्झटरहित क्षणभरमै रू. दुई लाखसम्मको डिजिटल कर्जा सजिलै प्रदान गर्ने जनाएको छ । पहिलो चरणमा इसेवा एजेन्टहरूलाई मात्र यो सेवा उपलब्ध गराउने भनिएकोमा भविष्यमा चाँडै सम्पूर्ण प्रयोगकर्ताहरूको लागि उपलब्ध गराइने बताइएको छ । इसेवामार्फत लिइने इजी लोन सुविधामा लागू हुने थप सर्तहरूबारे इसेवाको वेबसाइट–एपमार्फत जानकारी लिन सकिनेछ । विगत २३ वर्ष देखि निरन्तर बैंकिङ सेवा दिँदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१४ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५९ शाखारहित बैंकिङ एकाइहरूमार्फत बैंकिङ सेवाहरू प्रदान गर्दै आइरहेको छ।

### ● नाडा अटो सोमा महालक्ष्मी विकास बैंकको कर्जा परामर्श

नाडा अटो सोको १६औं संस्करणमा महालक्ष्मी विकास बैंकले कर्जा परामर्श दिने भएको छ । अटो सोमा बैंकले गाडी खरिदका लागि परामर्श दिन सहभागिता जनाएको हो । गाडी खरिद गर्दा आवश्यक पर्ने कर्जा सम्बन्धमा परामर्श दिने, सहजीकरण तथा समन्वय गर्ने कार्य बैंकले गर्नेछ ।

हाल विकास बैंकहरूमा सबैभन्दा सस्तो ब्याजदरमा सवारी कर्जा प्रदान गरिरहेको यस बैंकले ९.९९ प्रतिशतमै सवारी कर्जा प्रदान गर्नेछ । महालक्ष्मी विकास बैंकमार्फत सवारी कर्जा लिन चाहने ग्राहकले स्टल नं ई–३३ मा गई सम्पर्क गर्न सक्नेछन् ।

### ● बिमा सरेन्डर निरुत्साहित गर्न नेपाल लाइफको चेतनामूलक भिडियो

नेपाल लाइफ इन्स्योरेन्सले चेतनामूलक भिडियो सार्वजनिक गरेको छ । कम्पनीले बिमितहरूले आफूले लिएका बिमालेखको निरन्तरताका लागि प्रोत्साहन गर्ने र बिमालेख सरेन्डरलाई निरुत्साहित गर्ने उद्देश्यसहित जनचेतनामूलक भिडियो सार्वजनिक गरेको हो । भिडियोमा जीवन र जीवन बिमा योजनालाई ख्याल–ख्यालमै लिँदा भोलि आइपर्न सक्ने अकल्पनीय दुर्घटनाको कारण एउटा सम्पन्न र सुखी परिवार पनि कसरी आर्थिक अभावको पीडाबाट गुज्रिनुपर्छ भन्ने कुरा देखाइएको छ ।

कम्पनीले भिडियोमार्फत बिमा गरेर सुरक्षित, सुनिश्चित भई सुनौलो भविष्यको बाटो हिँड्न तथा बिमा योजनालाई बिचमै सरेन्डर गरी अनिश्चितताको बाटो नहिँड्नसमेत आग्रह गरेको छ ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले जनचेतनाको अभाव हुँदा बिमा सरेन्डर गर्ने र यसले पार्न सक्ने नकारात्मक प्रभावलाई समेटेर भिडियो सार्वजनिक गरिएको बताए ।

### ● गरिमालाई 'बेस्ट बैंक इन एसेट्स क्वालिटी' अवार्ड

गरिमा विकास बैंक 'द बेस्ट बैंक इन एसेट्स क्वालिटी' अवार्डबाट सम्मानित भएको छ । भारतीय चेम्बर अफ कमर्सद्वारा भारतमा आयोजित सेकेन्ड इमर्जिङ एसिया बैंकिङ कन्क्लेभ एन्ड अवार्डबाट बैंक सम्मानित भएको हो । उक्त प्रतिस्पर्धामा बिमस्टेक देश नेपाल, भारत, बंगलादेश, श्रीलंका, भुटान र म्यानमारका बैंक तथा वित्तीय संस्थाको सहभागिता रहेको थियो ।

कर्जा तथा अन्य लगानीको गुणस्तर उत्कृष्ट रहेका बैंक तथा वित्तीय संस्थाले प्राप्त गर्ने उक्त अवार्ड प्राप्त गरेको हो । बैंकले प्रवाह गर्ने कर्जा तथा अन्य लगानीको गुणस्तर उत्कृष्ट र सुरक्षित रहेको विश्वास लिएको छ । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत माधवप्रसाद उपाध्याय र ट्रान्जेक्सन बैंकिङ इकाइ प्रमुख नकुल पौडेलको उपस्थिति रहेको थियो ।

### ● ईशान अस्पतालले मनायो २९औं वार्षिकोत्सव

ईशान बाल तथा महिला अस्पतालले स्थापनाको २९औं वार्षिकोत्सव मनाएको छ । ०५२ सालमा कृष्णजन्माष्टमीकै दिनबाट सुरू भएको यस वार्षिकोत्सवका अवसरमा सोमबार भगवान् श्रीकृष्णको पूजा, रक्तदान तथा अस्पतालका विभिन्न उत्कृष्ट कर्मचारीलाई पुरस्कार तथा प्रशंसापत्र वितरण गरिएको अस्पतालले जनाएको छ ।

अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. रामनन्दनप्रसाद चौधरीले कार्यक्रममा संस्थाले गरेको प्रगति, भविष्यको योजनाबारे प्रकाश पारे । साथै, उनले २९ वर्षदेखि विश्वास कायम राखी सेवा गर्ने मौका दिएकामा धन्यवाद ज्ञापन गरे । अस्पतालले अन्तर्राष्ट्रिय मापदण्डको बाल महिला तथा वयस्कसम्बन्धी मल्टिस्पेसियालिटी तथा सुपरस्पेसियालिटी सेवा दिइरहेको जनाएको छ ।

टोखास्थित २५ शय्याको ईशान अस्पतालले एमडी पेडियाट्रिक विशेषज्ञबाट नवजात तथा बालरोग, सर्जरी, महिला तथा प्रसूति, हाडजोर्नी, आइसियू, अल्ट्रासाउन्ड, सिटी स्क्यान, इन्डोस्कोपी, कोलोनोस्कोपी, दन्त, छाला तथा यौन रोग, नाक कान घाँटीलगायतका सेवा दिँदै आएको छ ।

### ● महालक्ष्मी विकास बैंक बन्यो आइएसओ प्रमाणित

महालक्ष्मी विकास बैक अन्तर्राष्ट्रियस्तरमा मान्यताप्राप्त आइएसओ ९००१:२०१५ प्रमाणित कम्पनी बनेको छ । गुणस्तर व्यवस्थापन प्रणालीमा अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय सेवा प्रदान गर्न अब्बल भएसँगै बैक आइएसो प्रमाणित हुन सकेको हो ।

बैंकले प्रोभिजन अफ डेभलपमेन्ट बैंकिङ एक्टिभिटिजअन्तर्गत प्रमाणपत्र प्राप्त गरेको र यस्तो प्रमाणपत्र प्राप्त गर्नेमा विकास बैंकमा अग्रणी बैंक बनेको बताइएको छ । अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बलियो गुणस्तर व्यवस्थापन प्रणाली कायम गरेको साथै उत्कृष्ट सेवा प्रदान गर्न सक्ने, ग्राहक सन्तुष्टिलाई सुनिश्चित गर्न सक्ने तथा आफ्नो कार्य प्रणालीलाई निरन्तर रूपमा सुधार गर्न सक्ने संस्थाले मात्र यस्तो प्रमाणपत्र प्राप्त गर्न योग्य हुन्छन् ।

### ● मुक्तिनाथ विकास बैंक र चापाकोट क्याम्पसबिच समझदारी

मुक्तिनाथ विकास बैंक र स्याङ्जा चापाकोटस्थित चापाकोट क्याम्पसबिच सम्झौता भएको छ । सम्झौतामा बैंकले वित्तीय साक्षरतालगायत करिअर विकासका कार्यक्रममा अवसर प्रदान गर्ने उल्लेख छ । उक्त समझदारीपत्रमा बैंकका गण्डकी क्षेत्रीय प्रमुख ऋषिराम ढकाल र क्याम्पसको तर्फबाट क्याम्पसका कार्यवाहक प्रमुख पोषराज देवकोटाले हस्ताक्षर गरेका हुन् । यसको अवधि पाँच वर्षको हुनेछ । क्याम्पसमा व्यवस्थापन संकायअन्तर्गत स्नातक तहमा अध्ययनरत विद्यार्थीलाई इन्टर्नसिप, वित्तीय साक्षरता कार्यक्रमलगायत करिअर विकासका कार्यक्रममा बैंकले अवसर प्रदान गर्नेछ ।

### ● रिलायन्स फाइनान्स र केएमसीबिच सम्झौता

रिलायन्स फाइनान्स र काठमाडौं मेडिकल कलेज (केएमसी)बिच स्वास्थ्य सेवामा छुट दिने सम्बन्धमा सम्झौता सम्पन्न भएको छ । सम्झौताअनुसार फाइनान्सका ग्राहकले केएमसीले प्रदान गर्ने विविध स्वास्थ्य सेवामा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । संस्थाले देशभरका २१ वटा शाखा कार्यालयबाट वित्तीय सेवा प्रदान गर्दै आएको छ । साथै, निक्षेप तथा कर्जा, रेमिट्यान्स सेवा, सि–आस्बालगायत विभिन्न सेवासमेत प्रदान गर्दै आइरहेको जनाएको छ ।

### ● एभरेष्ट बैंकले सञ्चालनमा ल्यायो 'डिजिटल संसार'

एभरेष्ट बैंकले एकै स्थानबाट सम्पूर्ण डिजिटल प्रविधि चलाउन मिल्ने 'डिजिटल संसार' सञ्चालनमा ल्याएको छ । उक्त डिजिटल संसारमा अत्याधुनिक प्रणालीजडित उपकरणमार्फत ग्राहकलाई डिजिटल सेवा दिने व्यवस्था गरेको बैंकले जनाएको छ ।

सेवा सुचारू भएसँगै ग्राहकले एकै स्थानबाट खाता खोल्ने, नगद कारोबार गर्ने, चेक डिपोजिट गर्ने साथसाथै सेवासम्बन्धी गुनासोसम्म डिजिटल प्रविधि प्रयोग गरी गर्न सक्ने व्यवस्था रहेको बताइएको छ । साथसाथै, बैंकको बानेश्वर शाखा पनि स्थानान्तरण भएको छ । नयाँबानेश्वरमा रहेको बैंक साबिकको स्थानबाट करिब एक सय ५० मिटर पश्चिम आफ्नै नवनिर्मित भवनमा स्थानान्तरण भएको हो । स्थानान्तरण भएसँगै सम्पूर्ण बैंकिङ सेवा आफ्नै भवनबाट सुरु गरेको छ । एक कार्यक्रमबीच सो शाखाको उद्घाटन बैंकका सञ्चालक समिति अध्यक्ष डा. बालगोपाल वैद्यले गरेका छन् । अध्यक्ष डा. वैद्यले नयाँबानेश्वर तथा आसपासका बासिन्दालाई सरल, उत्कृष्ट, अत्याधुनिक तथा गुणस्तरीय बैंकिङ सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरे ।

### ● मानुषी लघुवित्तको डिमर्जमा जाने प्रस्ताव पारित

मानुषी लघुवित्त वित्तीय संस्था सिर्जनशील लघुवित्तसँग डिमर्जमा जाने भएको छ । मानुषीको विशेष साधारणसभाले सिर्जनशील लघुवित्तसँग डिमर्ज गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरेको हो ।

संस्थाले सिर्जनशीलसँग मर्जसम्बन्धी सबै प्रक्रिया गत आवमै पूरा गरेको थियो । विशेष कारणवश उक्त प्रक्रिया अगाडि बढाउन नसकिएको जानकारी सभामा गराइएको हो । संस्था र संस्थाका सम्पूर्ण लगानीकर्ताको हितका लागि यसो गरिएको संस्थाले जनाएको छ । यो मर्जर पूरा हुन नसके पनि अर्को उपयुक्त लघुवित्तको खोजी गरी मर्जरमा जानका लागि सभाले सञ्चालक समितिलाई अख्तियारी प्रदान गरेको छ । १४ जिल्लामा ३६ वटा शाखा रहेका संस्थाको सेयर पुँजी १० करोड ९३ लाख ७५ हजार रहेको छ ।

### ● सात प्रदेशमा एनसेलका १८ सामाजिक कार्यक्रम कार्यान्वयनमा

एनसेलले व्यावसायिक सामाजिक जिम्मेवारी (सिएसआर)अन्तर्गत सातै प्रदेशमा विभिन्न सामाजिक विकाससम्बन्धी विभिन्न आयोजना सञ्चालन गरेको छ । कम्पनीले गत वर्ष १८औं वार्षिकोत्सवको अवसरमा 'एटिन फर एटिन' अर्थात् १८औं वर्षका लागि १८ सामाजिक पहलका लागि आवेदन खुला गरेको थियो । जसका लागि एक सय ६५ भन्दा बढी आवेदन प्राप्त भएका थिए । प्राप्त आवेदनमध्येबाट १८ वटा विकास कार्य छनोट गरी सातै प्रदेशमा कार्यान्वयन भइरहेको कम्पनीले जनाएको छ ।

छानिएका परियोजनामा बागमतीमा प्लास्टिक वेस्ट म्यानेजमेन्ट, डिजिटल साक्षरता, कला तथा संस्कृति प्रवर्द्धन कार्यक्रम रहेका छन् भने गण्डकीमा विभिन्न कारणले गर्दा स्कुल जान छाडेकालाई पुनः स्कुल फर्काउने, हुम्लेकोटमा स्वास्थ्यसम्बन्धी कार्यक्रम रहेका छन् । साथै, कोशीमा ६ हजार महिलाको पाठेघरको क्यान्सर स्क्रिनिङ, लुम्बिनीमा हेल्थ क्याम्प, सामुदायिक विद्यालयमा ग्रिन स्कुलको अवधारणालगायतका कार्यक्रम सञ्चालन भइरहेको कम्पनीले जनाएको छ ।

### ● होन्डाले ल्यायो दसैंका लागि उपहार र अफर योजना

होन्डा कारले 'होन्डा कार'को खरिदमा पाँच लाख रुपैयाँसम्मको क्यास डिस्काउन्ट पाउनेछन् । त्यस्तै, दुई वर्षका लागि गाडीको इन्स्योरेन्स र ट्याक्स फ्री र पाँच वर्षसम्म गाडीको सर्भिसिङको सुविधा पनि फ्रीमा पाउन सकिने कम्पनीले जनाएको छ ।

कम्पनीले गाडी खरिदलाई सहज बनाउन ग्राहकलाई इजी फाइनान्स पनि दिएको छ । कम्पनीले आकर्षक ब्याजदरका साथ २० प्रतिशतसम्मको डाउन पेमेन्टमा गाडी दिइरहेको जनाएको छ ।

त्यस्तै, यस योजनाअन्तर्गत स्पट एक्सचेन्ज र फ्री एक्सेसरिजको पनि सुविधा ग्राहकले पाउनेछन् । कम्पनीले दुई वर्ष या एक लाख किमिसम्मको वारेन्टी पनि दिनेछ । यो सीमित अवधिका लागि लागू हुने कम्पनीको भनाइ छ ।

## सत्ता गुम्दाको...

मोर्चा त कहिले कम्यनिष्टहरूको एकताको माला जप्न थालेका छन् । त्यही कारणले गर्दा उनले नेकपा एमालेबाट विभाजत भएर गठन भएको एकीकृत समाजवादी र नेत्रविक्रम चन्दले नेतृत्व गरेको पार्टीसँग एकता गर्ने प्रयास गरिरहेका छन् । नेकपा एकीकृतका अध्यक्ष माधव नेपाललाई प्रधानमन्त्री बनाउने आश्वासन समेत दिएका भएपनि एकीकृत समाजवादी पार्टी माओवादीसँग एकीकरण भए माधव नेपाल सहित दुई चार बाहेक अन्य सबै नेकपा एमालेमै फर्किने भएपछि माधव नेपाल पार्टी एकीकरण गर्ने प्रयासबाट पछि हटेका छन् ।

माधव नेपाल र नेत्रविक्रम चन्दले समेत दाहाललाई नपत्याएपछि उनी प्रधानमन्त्री ओलीलाई गाली गरेर आफ्नो चरित्र देखाउन थालेका छन् । माओवादी केन्द्र दाहालकै कारण दिनप्रतिदिन खस्किँदो अवस्थामा पुगेको छ । आफू सत्तामा हुँदा उनलाई आफ्नो परिवार र केही आफ्ना हुक्के बैठकले बाहेक अरू कोही चाहिएको थिएन । अहिले सत्तबाट बाहिरिएपछि उनलाई कार्यकर्ता चाहिएको छ । त्यही कारणले गर्दा अहिले उनी कार्यकर्ताहरूलाई ढाँट्न विभिन्न ठाउँमा पुग्न लागेका छन् । सत्तामा हुँदा आफ्नो स्वार्थ अनुसारको निर्णय गराएर ठुलो धनराशी हात पार्ने प्रयासमा उनी लागेका थिए, आफ्नो घरबेटी ठेकेदारलाई पोस्न उनले कालो सूचीमा परेका ठेकेदारलाई ठुलो मात्रामा ठेक्का पट्टा दिएका थिए । तिनै ठेकेदार मार्फत उनले विचौलियाहरूका काम सम्पन्न गर्ने गरेको उदाहरण हो, ऐन नै संशोधन गरेर नेपाल दुरसञ्चार प्राधिकरणको अध्यक्षमा तत्कालिन सञ्चार तथा सूचना मन्त्री रेखा शर्माका आइटी सल्लाहकार र भुपेन्द्र भण्डारीलाई दुरसञ्चार प्राधिकरणको अध्यक्ष बनाउनु । निज अध्यक्ष एनसेलको शेयर ८० प्रतिशत खरिद कर्ता सतिशलाल आचार्यका कर्मचारी रहेका र केही समयसम्म एनसेल सञ्चालक समिमतिका सदस्य समेत रहेका थिए । स्वार्थ बाझिने गरी ऐन नै संशोधन गरेर भण्डारीलाई अध्यक्ष बनाइनुको पछाडिके स्वार्थ लुकेको थियो त ? स्वाथ बाझिने व्यक्तिलाई महत्वपूर्ण जिम्मेवारी दिनुपनि भ्रष्टाचार नै होइन र ? दाहाल ज्यु अनि किन विचौलियाका कुरा ? २०८० भाद्र १५ गते १५ दिन भित्रमा विद्युतको महसुस नतिरे पछि लाइन काट्ने आदेश दाहालले नै दिएका थिए । तर आफ्नै आदेश विपरित १ हप्ता पछाडि लाइन काटेर भएपनि बक्यौता उठाउन विद्युत प्राधिकरणलाई अर्को आदेश दाहालले नै दिएका थिए । यसरी विचौलियाको सल्लाहनुसार लाइन नकाट्ने र पैसा नआएपछि लाइन काट्न आदेश दिनुको अर्थ के हुन्छ ?

प्रधानमन्त्री ओलीले डेडिकेट र ट्रंकलाइनको पैसा जसरी भएपनि उठाई छाड्ने तर उद्योग सञ्चालनमा बाधा नपुऱ्याउने अभिव्यक्ति दिएपछि आफ्नो पोल खोल्ने डरले गर्दा अहिले उनी ओलीलाई गाली गर्न लागि परेका छन् । अस्ति संसदमा बोल्दै उनले बंगलादेश, श्रीलंकाको अवस्था हेर्न सरकारलाई सचेत गराएका थिए । तर, के त्यस्तो अवस्था भएमा उनी चाँहि कहाँ जान्छन् ? जनताले १७ हजारका हत्यारालाई भुलेका छैनन् होला त ? श्रीलंका र बंगलादेशको अवस्था भए सबैभन्दा पहिला जनताको टार्गेटमा दाहाल आफैँ पर्ने र त्यसबेला उनलाई बचाउन को अगाडि आउने हुन् त दाहाल ज्यु ।

## सत्तामा...

अहिले पार्टीभित्र नेतृत्व हस्तान्तरणको कुरा उठेपछि त्यही समाजवादी मोर्चालाई गुहार गर्न पुगे ।

समाजवादीका अध्यक्ष माधव नेपालसँग मन्त्रण गरेर उनलाई प्रधानमन्त्रीको ललिपप समेत देखाउन भ्याएका थिए भने नेत्रविक्रम चन्दसँग पनि पार्टी एकताको प्रस्ताव राखेका भएपनि माधव नेपाल र नेत्रविक्रम चन्दले हतारमा पार्टी एकता गरेर फुर्सदमा पछुताउने जवाफ दिएपछि अहिले नै एकताको प्रक्रियामा पूर्ण विराम लागेको भएपनि दाहालले आफूलाई नेताको रूपमा अविच्छिन्न राखिराख्न यो मुद्दा बोकिरहेको छन् । कहिले कम्युनिष्टहरूको एकता त कहिले समाजवादी मोर्चा यो दाहालको अर्को नाटक बाहेक अन्य केही हुन सक्दैन । सत्ता हत्याउने दाऊ मात्र ।

सत्ताबाट बाहिरिएपछि उनको नजर कार्यकर्तातर्फ सोझिएको छ । हिजो सत्तामा हुँदा आफ्नो परिवार र केही आफू नजिकका व्यक्तिबाहेकलाई दास सम्झिने प्रवृत्तिका दाहाल अहिले सोझासाझा कार्यकर्ताहरूलाई फकाउन थालेका छन् । आफूँ अब सच्चिएर अघि बढ्ने पटक पटक बताउँदै आएका दाहाल अहिले फेरी त्यही शब्द उच्चारण गर्न बाध्य भएका छन् ।

पहिलो पटक निर्वाचन लड्दा चितवनमा १ कठ्ठा जग्गा र आधा तोला सुन सम्पत्ति विवरणमा देखाएका दाहालले आफ्नो नातिनीको विवाहमा कहाँबाट करोडौँ रकम ल्याएर गोकर्ण रिसोर्टमा भव्य विवाह गरे । अब त्यसको जवाफ कार्यकर्ताहरूले दाहालसँग माग्नुपर्दछ । दाहालले कांग्रेस-एमालेबीचको सहमतिमा विचौलियाको गठबन्धन भनेका छन् तर उनी प्रधानमन्त्री रहेका बेला तिनै विचौलियाहरूको चारधाम थियो । दाहालको सत्तारोहण पनि विचौलियाकै सहयोगमा भएको यथार्थ सत्य हो ।

पुष्पकमल दाहाल अहिले पानी वेगरको माछा जस्तो छटपटाउनुको कारण एनसेलसँग समेत जोडिएको छ । एनसेल खरिदकर्ता सतिसलाल आचार्य नै दाहालका असली विचौलिया भएको आरोप आचार्यमाथि लाग्दै आएको र तिनै आचार्यका सहयोगी भुपेन्द्र भण्डारीलाई टेलिकमको नियामक संस्था नेपाल दुरसञ्चार प्राधिकरणको अध्यक्ष बनाइएको हुनाले दाहाल र आचार्यबीचको सम्बन्ध बारेमा शंकागर्ने ठाउँ रहेको सिंहदरबार भित्रै चर्चाको विषय बनेको छ ।

भण्डारीलाई प्राधिकरण अध्यक्ष बनाउने प्राधिकरणको ऐन नै तत्कालिन सञ्चार तथा सूचना मन्त्री रेखा शर्माले परिवर्तन गरेको प्रमाण त प्राधिकरणमै जिवित रहेकाले पुष्पकमल दाहाल विचौलियाको विचमा रहेको होइनन् भन्ने आधार देखिँदैन ।

## कांग्रेस-एमालेले...

गरे । त्यसबेला उनी नेकपा एमाले, सहितको सरकारका प्रधानमन्त्री रहेका थिए । त्यसबेला उनले कांग्रेससँग गठबन्धन गर्ने निर्णय गरे । त्यसबेला उनी नेकपा एमालेसहितको सरकारका प्रधानमन्त्री रहेका थिए । जब उनले कांग्रेससँग गठबन्धन गर्ने निर्णय गरे त्यसबेला उनले एमालेका मन्त्रीहरूलाई पदबाट हट्न बाध्य मात्र बनाएका थिएनन् एउटा कार्यक्रममा भाग लिन जाने क्रममा एयरपोर्ट पुगेकी तत्कालिन परराष्ट्रमन्त्री विमला पौडेललाई एयरपोर्टबाटै फिर्ता बोलाएका थिए । यसरी आफ्नो स्वार्थ पूरा गर्दै आएका दाहाललाई त्यतिबेला ठुलो झड्का लाग्यो । जुनबेला असार १७ गते कांग्रेस र एमालेले ७ बुँदे सहमति गरेर सरकार निर्माण गर्ने र आलोपालो प्रधानमन्त्री बन्ने सहमति गरे ।

असार १७ गते भएको कांग्रेस-एमालेबीचको सहमति अनुसार पहिला एमालेका अध्यक्ष केपी ओली २ वर्षका लागि प्रधानमन्त्री बनेका छन् भने दुई वर्ष पछि २०८४ को निर्वाचन सम्मका लागि कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमनत्री बन्ने सहमति भएको छ । त्यही सहमतिलाई भत्काउन पुष्पकमल दाहालले अहिले ओली विरूद्ध गाली र धोका दिएको भन्दै आफ्ना कार्यकर्ताहरूलाइ भुलभुलैयामा राख्ने प्रयास जारी राखेका छन् । वास्तवमा कांग्रेस-एमालेले दाहालाई धोका दिएका होइन उनले नै कांग्रेस-एमालेलाई पटक पटक धोका दिँदै आफ्नो स्वार्थ पूरा गरिरहेका थिए । जब कांग्रेस-एमालले दाहालको रणनीति बुझे तब उनीहरूले सहमति गरेर दाहाललाई विपक्षी बेञ्चमा राख्न बाध्य बनाएका हुन् । यसको दोष कांग्रेस-एमालेले होइन दाहालले नै बोक्नुपर्दछ ।

एकपटक धोका दिन सकिएला तर पटक पटक कसैलाई धोका दिन सकिँदैन भन्ने हेक्का अब दाहालाई हुनुपर्दछ । अहिले पनि उनी कांग्रेसलाई फकाउनका लागि आफूलाई केपी ओलीले धोका दिएको बताउँदै उनलाई धोकेदार बताइरहेका छन् भने कांग्रेसप्रति नरम व्यवहार देखाउँदै आएका छन् ।

दाहालले आफ्नो पार्टीका सम्पूर्ण शक्ति लगाएर कांग्रेस र एमालेबीचको सहमति तोड्ने प्रयास गरिरहेका छन् । त्यही कारणले गर्दा उनी कांग्रेसका सभापति शेरबहादुर देउवाप्रति नरम भएका छन् । आफ्नै पार्टीभित्रको विवाद समाधान गर्न नसकेको र झण्डै ४० वर्षसम्म पार्टी अध्यक्ष रहेको भन्दै उनलाई नेतृत्व हस्तान्तरण गर्न पार्टीभित्रै दवाव पर्दै गएपछि उनी अहिले फेस सेभिङ्गमा लागि परेका छन् ।

## संसदीय...

भएको छ । संविधान धारा २४८ को उपधारा ८ मा राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्ष र सदस्य रहेका व्यक्ति अन्य कुनै सरकारी पदमा नियुक्तिका लागि योग्य रहने छैनन् भन्ने व्यवस्था गरिएकोमा सरकारले दक्षिण अफ्रिकाको लागि सिफारिस गरेका कपिल श्रेष्ठ, राष्ट्रिय मानवअधिकार आयोगका सदस्य भैसकेका व्यक्ति हुन् । उनीहरू कांग्रेसको कोटाबाट राजदूतमा सिफारिस भएका हुन् ।

संसदीय सुनुवाई समितिका सभापति समेत कांग्रेसकै भएको हुनाले उनलाई अनुमोदन गर्न सक्ने सम्भावना देखिएको छ । संसदीय सुनुवाई समितिलाई कर्मकाण्डी पुऱ्याउने थलोको रूपमा जनताले आरोप लगाउँदै आएकोमा संविधानको उल्लंघन गर्दै श्रेष्ठलाई अनुमोदन गरिए जनताले लगाएको सत्य प्रमाणित हुनेछ ।

संसदीय सुनुवाई समितिले सरकारले सिफारिस गरेका र संविधान उल्लघन भएको विषयमा व्यापक छलफल गरि तेरो मेरो नभनि त्यस्ता व्यक्तिहरूलाई अनुमोदन गर्नु किमार्थ उचित हुन सक्दैन । सरकारले सिफारिस गरेका अर्का व्यक्ति हुन भारतको लागि राजदूतमा सिफारिस गरिएका व्यक्ति शंकर प्रसाद शर्मालाई पुन भारतको लागि राजदूतमा पठाउने सरकारले निर्णय गरेको छ । शर्मा भारतको लागि राजदूत रहेकै बेला तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले फिर्ता बोलाउने निर्णय गरेको थियो । तिनै शर्मालाई फेरी कांग्रेसको कोटाबाट भारतका लागि राजदूत नियुक्तिका लागि संसदीय सुनुवाई समितिमा नाम सिफारिस गरिएको छ ।

शर्मालाई राजदूत नियुक्ति सम्बन्धी निर्देशका २०७५ विपरित सिफारिस गरिएको छ । निर्देशिकाको दफा २१ ले कार्यरत रहेको मुलुकमा निरन्तरता हुने गरी अर्को कार्यकालका लागि नियुक्ति गर्न नमिल्ने व्यवस्था भएपनि कार्यकाल बाँकी रहेकै बेला फिर्ता बोलाएर फेरी त्यही देशमा नियुक्त गर्न खोज्नु संविधान र राजदूत नियुक्ति निर्देशिका विपरितको कार्य हो । शर्मालाई भारत बाहेक अन्य मुलुकमा राजदूतमा नियुक्ति गर्न सक्ने अवस्था भन्ने रहेको छ ।

त्यस्तै इजरायलका लागि प्रस्तावित गरिएको धनप्रसाद पण्डितलाई सूचनाको हक कार्यान्वयन नगरेको भन्दै राष्ट्रिय सूचना आयोगले १५ हजार जरिवाना गरेको र उक्त जरिवानालाई उच्च अदालत पाटनले सदर गरेको हुनाले उनी राजदूतका लागि अयोग्य रहेका छन् । त्यसैगरी मलेसियाका लागि प्रस्तावित राजदूत नेत्र प्रसाद तिमल्सिना पनि राजदूतका लागि अयोग्य रहेको उजुरी संसदीय सुनुवाई समितिमा परेको छ ।

केही दिन अघि निर्वाचन आयोगका आयुक्त पदमा सिफारिस भएका कृष्णमान प्रधान यौनकाण्डमा मुछिएको आरोप लागेकोमा उनलाई अस्वीकार गरि आफ्नो छवि बचाएको संसदीय सुनुवाई समितिले संविधान र राजदूत नियुक्ति निर्देशका विपरित सिफारिस भएका व्यक्तिलाई अस्वीकृत गरि आफ्ना छवी बचाउनु पर्दछ ।

## महिला...

गरेको थियो । मन्त्रिपरिषद्को गत साउन ३१ गतेको निर्णयबाट सहभागी खेलाडी र प्रशिक्षलगायतलाई गरी कुल ४७ लाख ६० हजार पुरस्कार रकम दिने निर्णय गरेको थियो । यसअघि प्रधानमन्त्री ओलीले यही भदौ २ गते सहभागी खेलाडी र प्रशिक्षकलगायतसँग भलिबल खेलको विकासका लागि छलफल गरेका थिए ।

प्रधानमन्त्री ओलीले महिला भलिबल खेलाडीले हालसम्म पाएको सफलताप्रति खुसी व्यक्त गर्दै आगामी दिनमा नयाँ कीर्तिमान कायम गर्ने गरी मिहिनेत गर्न आग्रह गरे । उनले आफ्नो पदबहालीका दिन कीर्तिपुर खेल मैदानलाई तीन सय दिनभित्र स्तरोन्नति गर्ने निर्णय गरेको स्मरण गर्दै त्यसको कार्यान्वयन गरिने अवगत गराउँदै दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको राम्रो तयारी गर्न सम्बन्धित निकायलाई निर्देशन दिए ।

## दाहालमा...

पार्टीहरूसँग गठबन्धन गरेर निर्वाचनमा गएको भएपनि माओवादी केन्द्रले प्रत्यक्षतर्फ जम्मा १८ सिटमा मात्र जित हाँसिल गरेको थियो । त्यसले के प्रमाणित हुन्छ भने माओवादी केन्द्र दिन प्रतिदिन ओरालो यात्रमा लागेको छ ।

गठबन्धन गरेर निर्वाचनमा जाँदा समेत प्रत्यक्षतर्फ जम्मा १८ सिटमा मात्र जित हाँसिल गरेको हुनाले ऊ एक्लै निर्वाचनमा गएको भए सिटमा जित हाँसिल गर्थ्यो होला ? अहिले प्रश्न भनेको यही हो । पुष्पकमल दाहालको अस्थिर चरित्र र म नै सर्वेसर्वा हुँ भन्ने घमण्डकै कारण माओवादी केन्द्र ओरालो यात्रामा पुगेको थियो । वास्तविकता यही हो, आफूँ बेगर कसैले सरकार निर्माण गर्न सक्दैनन् भन्ने घमण्ड दाहालमा रहेको थियो । माओवादी केन्द्रले नेपाली कांग्रेस र नेकपा एमालेलाई पटक पटक धोका दिँदै आएका र आफ्नो पार्टीको ३२ सिट विना सरकार निर्माण नहुने भन्दै प्रधानमन्त्रीमै रहेका बेला आफूलाई पदबाट हटाएर देखाउन कांग्रेस एमालेलाइ ठाडो चुनोती दिएका थिए । त्यसरी कांग्रेस-एमालेलाई चुनौती दिँदा उनी कांग्रेस गठबन्धनमा रहेका थिए ।

भ्यागुताले पोखरीमा बसेर आफूलाई कसैले केही गर्न नसक्ने चुनोती दिएपनि पानी बाहिर आएपछि भ्यागुतो पानीविना भुँडी फुटेर मर्दछ । पुष्पकमल दाहाललाई त्यही भ्यागुताको जस्तो घमण्डले गर्दा सत्ता बाहिर पुऱ्याएको हो । आलोपालो कांग्रेस-एमालेलाई खेलाएर आफ्नो स्वार्थ पूरा गरिरहेका दाहाललाई त्यति बेला ठुलो झड्का लाग्यो जुन बेला कांग्रेस-एमालेबीच ७ बुँदे सहमति भयो । त्यो सहमति एमालेले मात्र गरेको होइन कांग्रेसपनि दाहालको पेलाईबाट मुक्त हुन चाहिरहेको थियो । त्यसैले उक्त सहमति भयो आलोपालो प्रधानमन्त्री बन्ने ।

अहिले पुष्पकमल दाहाल कांग्रेसलाई फकाउनका लागि लागि परेका छन् । त्यही कारणले गर्दा उनले प्रधानमन्त्री ओलीलाई टार्गेट गर्दै आएका छन् । प्रायः प्रत्येक दिन उनले ओलीलाई अनेक प्रकारका आरोप लगाउँदै आएका भएपनि कांग्रेसका सभापति प्रति उनी नरम बन्दै गएका हुनाले उनले कांग्रेसले आफूसँग फेरी गठबन्धन गर्ने आशा गरेको प्रष्ट रूपमै देखिएको छ ।

आफ्नो पार्टी भित्रको आन्तरिक विवाद मिलाउन नसकेका दाहालले प्रधानमन्त्री ओली र नेकपा एमालेलाई गाली गर्न भनेको सत्ता गुम्दाको पिडा र एमाले र ओलीप्रतिको पूर्वाग्रह बाहेक अन्य केही हुन सक्दैन । कांग्रेस-एमालेको संयुक्त सरकार रहेकाले एक पक्षप्रति पूर्वाग्रह राख्नुको अर्थ के ?

## कस्तो छ...

किनभने संघीयता भनेपछि क्षेत्रीय दलहरू अस्तित्वमा आउन सक्छन् भने समानुपातिकले गर्दा साना पार्टीको उपस्थिति पनि हुन्छ । विश्वका करिब १०० देशमा पूर्ण समानुपातिक वा मिश्रित प्रणाली अनुशरण गरेका छन् भने करिब ५० देशमा प्रत्यक्ष निर्वाचन प्रणाली रहेको छ ।

बेलायत, भारत, क्यानडा, मलेसिया, इथोपिया, केन्यालगायतले प्रत्यक्ष प्रणाली अपनाएका छन् भने जर्मर्न न्युजिल्याण्ड, दक्षिण अफ्रिका, जापान, रूस, अर्जेन्टिना, हंगेरी, इटलीलगायतका देशले मिश्रित प्रणाली अवलम्बन गरेका छन् । यसैगरी स्वीजरल्याण्ड, स्वीडेन, बेलजियम, अस्ट्रेलिया, डेनमार्क, नेडरल्याण्ड, नर्वे, फिनल्याण्ड, इन्डोनेसिया लगायतका देशले पूर्ण समानुपातिक प्रणाली अनुशरण गरेका छन् । पछिल्लो समयमा प्रत्यक्ष निर्वाचन त्यागेर समानुपातिक वा मिश्रित प्रणालीमा जाने देशको संख्या बढ्दै गएको छ ।

समानुपातिक प्रणाली अनुसार प्रत्येक देशले फरक फरक थ्रेस होल्डको व्यवस्था गरेका छन् । तर अधिकांश देशमा ३ देखि ५ प्रतिशत राखेका छन् । सबैभन्दा बढी पोल्याण्डमा ८ प्रतिशत, टर्कीमा ७ छ भने दक्षिण अफ्रिकामा थ्रेस होल्डको व्यवस्था नै छैन । त्यही कारणले गर्दा नेपालमा कम्तिमा ३ देखि बढीमा ५ प्रतिशतसम्मको थ्रेस होल्डको व्यवस्था गरिनु उपर्युक्त हुनेछ ।

अमेरिकामा राष्ट्रपति प्रत्यक्ष निर्वाचित हुन्छन् भने अधिकांशको गलत बुझाई रहेको छ । तर प्रत्यक्ष निर्वाचनमार्फत होइन निर्वाचक मण्डल (इलेक्टोरल कलेज) मार्फत राष्ट्रपति निर्वाचित हुन्छन् । अमेरिकाका ५० राज्यमा ५३८ निर्वाचक मण्डल हुन्छन् । जसमध्ये २७० निर्वाचक मण्डको मत पाउँदा उही राष्ट्रपतिमा निर्वाचित हुन्छन् ।

सन् २०१६ मा डोनाल्ड ट्रम्ले भन्दा हिलारी क्लिन्टनले २८ लाख मत बढी पाएकी भएपनि उनी पराजित भएकी थिइन् । यसैगरी सन् २००० को निर्वाचनमा जर्ज डब्लु बुस भन्दा डेमोक्रेटिकका अलगोरले पाँच लाख बढी मत पाएका भएपनि उनी पराजित भएका थिए । त्यहाँको प्रतिनिधिसभा र सिनेटको निर्वाचन भने प्रत्यक्ष मतदानबाटै हुने गरेको छ ।


सामाजिक सञ्जालको
रचनात्मक प्रयोग गरौं

- सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वाँस गरौं,
- सामाजिक सञ्जालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
- विश्वसनीय स्रोतबाट प्राप्त जानकारीलाई मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
- सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं,
- सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार